लेखापरीक्षण प्रतिवेदन

बिष्णुपुर गाउँपालिका, सिराहा

आर्थिक वर्ष २०८१/८२



महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

लेखापरीक्षण प्रतिवेदन

बिष्णुपुर गाउँपालिका, सिराहा

आर्थिक वर्ष २०८१/८२

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था

(Be a Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)

गन्तव्य (MISSION)

स्वतन्त्र एवम् गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

(Provide Independent and Quality Audit Service)

मूल्य मान्यता (Core Values)

स्वतन्त्रता	*(Independence)*
निष्ठा	*(Integrity)*
पारदर्शिता	*(Transparency)*
जवाफदेहिता	*(Accountability)*
व्यावसायिकता	*(Professionalism)*

महालेखापरीक्षकको भनाइ

नेपालको संविधानको धारा २४१ मा सङ्घ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। लेखापरीक्षण गर्दा लेखापरीक्षण ऐन, २०७५, नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिइएको छ। सोहीबमोजिम स्थानीय तहको २०८१।८२ को लेखापरीक्षण सम्पन्न गर्दा देखिएका बेहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रियासमेत सम्बोधन गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, राजस्व प्रक्षेपण तथा बजेट निर्माण, योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन तथा विकास निर्माण, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहितालगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

सबै स्थानीय तहको स्थलगतरूपमा लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षणको क्रममा देखिएका बेहोरा उपर स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग छलफलसमेत गरिएको छ।

यस वर्ष सामान्यतया स्थानीय तहमा कार्यसम्पादनका लागि आवश्यक कानुन निर्माण पूर्ण रूपमा नभएको, विद्यमान कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, करदाताको अभिलेख व्यवस्थित नभएको, आन्तरिक आयलाई व्यवस्थित गर्न नसकिएको, प्रशासनिक खर्चमा वृद्धि हुँदै गएको, योजनालाई खण्डीकृत गरी कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, आयोजनाको प्राथमिकीकरण गरेर बजेट विनियोजन नभएको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरूको समेत विस्तृत आयोजना प्रतिवेदन तयार गरिएको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारीसमेत करारमा नियुक्ति गरेको, सार्वजनिक सम्पत्तिको अभिलेख तथा संरक्षण र उपयोग प्रभावकारी रूपमा हुन नसकेकोले आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदन एवं बेरुजु फर्स्योटमा सुधार गर्नुपर्ने लगायतका बेहोरा देखिएका छन्।

लेखापरीक्षणबाट उल्लेख गरेका बेहोराको समयमा नै फर्स्योट तथा सुझावहरूको कार्यान्वयनबाट वित्तीय अनुशासनमा अपेक्षित सुधार गरेर स्थानीयतहबाट हुने विकास निर्माण तथा समग्र कार्यसम्पादन र सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने पदाधिकारी तथा कर्मचारी लगायत सबै सरोकारवाला प्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न कर्मचारीहरूमा समेत विशेष धन्यवाद व्यक्त गर्दछु।

(तोयम राया)

२०८३ वैशाख **महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय

Office of the Auditor General

प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय, मधेश प्रदेश

काठमाडौं

प.सं.:2082/83 मिति : २०८३-१-३०

च.न :APPROVED/FAR/2081-82/LOC/696

श्रीमान् अध्यक्षज्यू,
बिष्णुपुर गाउँपालिका,
गाउँ कार्यपालिकाको कार्यालय, सिराहा।

विषय - लेखापरीक्षण प्रतिवेदन सम्बन्धमा ।

लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा (२) बमोजिम त्यस पालिकाको आर्थिक वर्ष २०८१/८२ को लेखापरीक्षण सम्पन्न गरी तयार गरिएको लेखापरीक्षण प्रतिवेदन यसैसाथ संलग्न गरी पठाइएको व्यहोरा जानकारीका लागि अनुरोध छ।

(तारा प्रसाद पाण्डे)
नायब महालेखापरीक्षक

प.सं.:2082/83 मिति : २०८३-१-३०
च.न :APPROVED/FAR/2081-82/LOC/696

श्रीमान अध्यक्षज्यू ,

बिष्णुपुर गाउँपालिका,

गाउँकार्यपालिकाको कार्यालय, सिराहा।

विषयः लेखापरीक्षण प्रतिवेदन।

१. कैफियत सहितको राय

हामीले त्यस गाउँपालिकाको आर्थिक वर्ष २०८१।८२ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, स्थानीय संचित कोषको वार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणको लेखापरीक्षण गरी रायसहितको प्रतिवेदन पेस गरेका छौं।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक,पालिकाबाटपेस भएको २०८२ आषाढ मसान्तसम्मको आर्थिक वर्ष २०८१।८२ को प्राप्ति र भुक्तानीको एकीकृत एवं वार्षिक प्रतिवेदन, बजेटको तुलनात्मक विवरण, स्थानीय सञ्चित कोषको वार्षिक आर्थिक विवरण त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरूसमावेश भएको स्थानीय तहको एकीकृत वित्तीय विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन तथा प्रचलित कानुनबमोजिम सारभूत रूपमा सही र यथार्थ अवस्था चित्रण गर्दछ।

२. कैफियत सहितको राय व्यक्त गर्ने आधार

२.१.महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्रलेखामानको ढाँचामा वित्तीय विवरण तयार गर्नुपर्नेमा यस पालिकाले तयार गरेको वित्तीय विवरणमाअन्तरसरकारी अख्तियारी, आन्तरिक आय, विविध कोष लगायतकाकारोबार समावेश गरेको छैन।

२.२. गाउँपालिकाको आय र व्यय तर्फ रु.५६ करोड ४८ लाख ५३ हजारको लेखापरीक्षणबाट रु. ३ करोड ८९ लाख ७० हजार बेरुजू देखिएकोमा प्रतिक्रियाबाट रु.६ लाख ९८ हजार फस्योंट भई असुल गर्नुपर्ने रु.९७ लाख ४३ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू.२ करोड ३० लाख ५ हजार, नियमित गर्नुपर्ने रु.३७ लाख ३३ हजार र पेश्की बाँकी रु.१७ लाख ९० हजार गरी जम्मा रु.३ करोड ८२ लाख ७१ हजार बाँकी रहेको छ। गत वर्षसम्म कायम बेरुजू रु.५६ करोड ४४ लाख ३६ हजार मध्ये रु.१ लाख ४७ हजार फस्योंट भई यसवर्षको थपसमेतहालसम्म अद्यावधिक बेरुजू रु.६० करोड २५ लाख ६१ हजार बाकी रहेको छ। बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको बेहोरा यसैसाथ संलग्न छ।

२.३. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले गाउँपालिकाको पेस्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन। हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका सरकारी लेखापरीक्षण मानदण्ड,मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ। वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका

छौं। लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

३. अन्य बेहोरा- लेखापरीक्षणबाट ऐन नियमको परिपालना, आन्तरिक नियन्त्रण व्यवस्था, स्थानीय वित्त व्यवस्थापन,सम्पत्तिको संरक्षण, स्रोत साधनको प्राप्ति र उपयोग, शासकीय प्रवन्ध, स्रोत सुनिश्चितता र बजेट व्यवस्थापन र विकास प्रशासन र सोको कार्यान्वयन, अनुदान वितरण तथा अनुगमन, सेवा प्रवाह, स्थानीय प्रशासन, जवाफदेहिता र सुशासन लगायतका विषयमा सुधार गर्नुपर्ने देखिन्छ।

४. वित्तीय विवरण उपर व्यवस्थापन र लेखा उत्तरदायी अधिकृतको जिम्मेवारी

नेपाल सार्वजनिक क्षेत्र लेखामानबमोजिम सही र यथार्थ हुने गरी वित्तीय प्रतिवेदन तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय प्रतिवेदन सारभूतरूपमा गलत आँकडारहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी स्थानीय सरकारमा रहेको छ। गाउँकार्यपालिका, अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत गाउँपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

५. वित्तीय विवरणको लेखापरीक्षणउपर लेखापरीक्षकको जिम्मेवारी

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा त्रुटिका कारण सारभूत रूपमा गलत आकडा रहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो। लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ। लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम लेखापरीक्षण कार्य सम्पादन गरिएको छ। यसरी लेखापरीक्षण गरिएको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तर्निहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका जालसाजी वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजी वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूत रूपमा गलत आकडा मानिएको छ।

(तारा प्रसाद पाण्डे)
नायब महालेखापरीक्षक

बेरुजु वर्गीकरण

चालु वर्षको बेरुजु

प्रारम्भिक बेरुजु			प्रतिक्रियाबाट सम्परीक्षण			प्रतिक्रियाबाट थप बेरुजु रकम	बाँकी बेरुजु			बेरुजु						
										असुल गर्नु पर्ने	नियमित गर्नुपर्ने					पेस्की
दफा संख्या		रकम	दफा संख्या		रकम		दफा संख्या		रकम	असुल गर्नु पर्ने	अनियमित भएको	प्रमाण कागजात पेश नभएको	जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा	पेस्की
सैद्धान्तिक	लगती		सैद्धान्तिक	लगती			सैद्धान्तिक	लगती								
४८	११६	३,८९,६९,५२१	०	७	६,९८,१८०	०	४८	१०९	३,८२,७१,३४१	९७,४३,०५०	३७,३२,९४८	२,३०,०५,३४३	०	०	२,६७,३८,२९१	१७,९०,०००

अद्यावधिक बेरुजू स्थिति

जिल्ला	गत वर्ष सम्मको बाँकी	समायोजन	यो वर्ष फस्यौंट	बाँकी बेरुजु	यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु	यो वर्षको बेरुजु	कुल बेरुजु बाँकी
सिराहा	५६,४४,३६,०९६	०	१,४६,५००	५६४२८९५९६	0	३,८२,७१,३४१	६०२५६०९३७

बेरुजु सम्परीक्षणको विवरण

क्र.सं	आर्थिक वर्ष	बेरुजुको दफा	बेरुजुको व्यहोरा	सम्परीक्षण भएको रकम
१	२०८१/८२	९.१	पेश्की ब्यवस्थापन-	१,००,०००
२	२०८१/८२	४	अनुदान प्राप्ति, उपयोग र फिर्ता-	५,६२,४१२
३	२०८१/८२	१७ र २६	कर कट्टी र बढी भुक्तानी	३५,७६८
४	२०७८/७९	६८	पदाधिकारी सुविधा	१,३०,५००
५	२०७७/७८	१४.४	पदाधिकारी सुविधातर्फः	१६,०००
जम्मा				८,४४,६८०

बिष्णुपुर गाउँपालिका, सिराहा

(८०२१६५०६३००)

विष्णुपुर गाउँपालिका , सिराहा

परिचय

१ **परिचय-**

(क) कार्यालय परिचय :- स्थानीय शासन पद्धति सुदृढ गरी विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यास संस्थागत गर्दै स्थानीय सरकार सञ्चालन गर्न यस पालिकाको स्थापना भएको हो ।स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वय प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु स्थानीय तहमै उपलव्ध हुने स्रोत साधनको अधिकतम उपयोग गरी योजनावद्ध सहभागितामूलक कार्यक्रमको माध्यमबाट स्थानीय जनतालाई प्रत्यक्ष लाभ पुग्ने गरी सामाजिक, आर्थिक तथा भौतिक क्रियाकलापहरु संचालन गर्नु यस पालिकाको मुख्य उद्देश्य छ ।यस विष्णुपुर गाउँपालिकामा५ वटा वडा कार्यालयहरु रहेका छन भने यस नगरपालिकाको क्षेत्रफल २६.३९ वर्ग कि. मी. र जनसङ्ख्या २२७८१रहेको यस पालिकाको २०७३ सालमा स्थापना भई संचालनमा आएको छ ।

(ख) लेखापरीक्षणको उद्देश्य :- लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०८१/८२ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानुनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :- यस कार्यालयको विनियोजन, राजस्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८१/८२ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८२ ।१०।०२ देखि २०८२ ।१०।०५ सम्म रहेको छ ।

(घ) लेखापरीक्षण विधि :- लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

(ङ) लेखापरीक्षणको सीमा :- लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

(च) आर्थिक कारोबारको स्थिति :- पालिकाको आय – व्ययतर्फ रु. ५६ करोड ४८ लाख ५२ हजार ७१८.६५ को लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को विस्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

(छ) एकीकृत आर्थिक विवरण :-

सि.नं	आयतर्फ			सि.नं	व्ययतर्फ		
	विवरण	रकम	रकम		विवरण	रकम	रकम
१	गत वर्षको जिम्मेवारी			१	चालु खर्च	१९५११६२१५	
	क) नगद			२	पूँजीगत खर्च	१००९१६७०९	
	ख) बैंक		११८०९२६६४	३	वित्तिय व्यवस्था भुक्तानी		
२	राजस्व (आन्तरिक आय)				क) ऋण भुक्तानी	०	
	क) आन्तरिक राजस्व		१४९०४२५६		ख) ब्याज भुक्तानी	०	
	ख) राजस्व बाँडफाँड संघ		६०४१६७३८		ग) अन्य भुक्तानी	०	
	ग) राजस्व बाँडफाँड प्रदेश		२२१८५६७	४	लगानी		
३	वित्तिय हस्तान्तरण संघ				ऋण लगानी	०	
	क) वित्तिय समानीकरण अनुदान		७६४३६०८०		शेयर लगानी	०	
	ख) सशर्त अनुदान		९१८९९८८७		अन्य लगानी	०	
	ग) समपूरक अनुदान		९६११०२२	५	धरौटी फिर्ता	१४९०६००	
	घ) विशेष अनुदान		०	६	जनश्रमदान फिर्ता		
४	प्रदेश सरकारबाट प्राप्त अनुदान			७	कोष फिर्ता		
	क) वित्तिय समानीकरण अनुदान		५७१००००	८	मौज्दात		
	ख) सशर्त अनुदान		८००००००		क) बैंक मौज्दात	९९३९८८७४	
	ग) समपुरक अनुदान		०		ख) नगद मौज्दात		
	घ) विशेष अनुदान		०	९	शसर्त अनुदान फिर्ता		
५	अन्तर स्थानीय तहबाट प्राप्त			१०	गत बर्षको बढी अल्या		
	क सामाजिक सुरक्षा		९४१२६८६७	११	अन्तर स्थानीय तहबाट प्राप्त		
	ख) विधालय शिक्षा क्षेत्र योजना		२७६०००		क सामाजिक सुरक्षा	९४१२६८६७	
	ग) गरिव संग विश्वेश्वर		०		ख) विधालय शिक्षा क्षेत्र योजना	२७६०००	
	घ) राष्ट्रपति महिला उत्थान कार्यक्रम		०		ग) गरिव संग विश्वेश्वर	०	
	ङ)				घ) राष्ट्रपति महिला उत्थान कार्यक्रम	०	
६	अन्य				ङ)		

	क) क्षेत्रीय शहरी विकास योजना		०	१२	जनश्रमदान मौज्दात		
	ख) सडक बोर्ड नेपाल		०	१३	धरौटी मौज्दात	८३६३७०२	
	ग) पर्यटन बोर्ड नेपाल		०	१४	कोष खाताको मौज्दात		
	घ) एन एन एस डब्लु ए		०				
७	विभिन्न कोषतर्फको आय		०				
८	जनसहभागिता (नगद)		०				
९	विषयगत निकायबाट प्राप्त		०				
१०	धरौटी आय		६८४१२८१				
११	धरौटी गत वर्षको जिम्मेचारी बैंक		३०१३०२०				
१२	अन्य गत वर्ष दायित्व बाकी (मु.अ.कर, धरौटी र अन्य)		८१४२५८५				
	जम्मा		४९९६८८९६७		जम्मा	४९९६८८९६७	

(ज) लेखापरीक्षणको क्रममा असुली :- लेखापरीक्षणको क्रममा निम्नानुसारको रु. छात्रवृती बापतको बढि निकासा भएको रकम रु. २२७०० असुल भइ दाखिला प्रमाण पेश भएको छ ।

सि.नं	बिवरण	रकम रु.
१	छात्रावृति वापत वढी निकासा भएको रकम संघीय संञ्चितकोष बेरुजु खातामा दाखिला भइ प्रमाण पेश भएको छ ।	२२७००

लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

२ **वितीय विवरणको परीक्षण-**

वित्तीय प्रतिवेदन - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेको छ । पालिकाले महालेखापरीक्षकबाट मिति २०७६।२।१९ मा स्वीकृत भएको सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ । पालिकाले उपलव्ध गराएको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) सम्बन्धमा निम्नअनुसार देखिएको छः

२.१ **वित्तीय विवरणको यथार्थता** - पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । पालिकाले आर्थिक कारोवार लेखा राख्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवार गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय तहको वित्तीय विवरण स्थानीय सरकारको कोषको प्राप्ती र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) तयार गर्नुपर्छ ।तर पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रु.९ करोड ४१ लाख २६ हजार ८६७.८६ विद्यालय शिक्षा क्षेत्र योजना (केन्द्र स्तर) तर्फ रु.२ लाख ७६ हजार गरी जम्मा रु. ९ करोड ४४ लाख २ हजार ८६७.८ सुत्रमा लेखा राखेको छैन । जसले

गर्दा सुत्र प्रणालीवाट तयार भएको वित्तीय विवरण समेत पूर्ण नहुँदा वित्तीय विवरणले पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन । तसर्थ पालिकामा हुने सवै आर्थिक कारोबार सुत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश हुने व्यवस्था गर्नुपर्दछ ।

(विस्तृत विवरण बेरूजु दफा २.१ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)

२.२ **फरक हिसाब** - यस पालिकाले सुत्रबाट तयार गरेको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७०) ले सबै कारोबार नसमेटेको कारण लेखापरीक्षणका क्रममा पालिकाबाट भएका सबै कारोबार समेटिने गरी एकीकृत आर्थिक विवरण तयार गरेकोमा उक्त दुई विवरणमा देहाय अनुसार गत वर्षको जिम्मेवारी रु.८४ लाख ४ हजार ५४९.१९, यस वर्षको प्राप्ती रु. ११ करोड ३८ लाख ३० हजार ९२९.७५ यस वर्षको भुक्तानी रु. १० करोड ३२ लाख २ हजार ७४७.६ र बैङ्क मौज्दात रु. १ करोड ९० लाख ३२ हजार ७३१.३४ फरक परेको छ । सुत्रमा पालिकाको सम्पूर्ण आर्थिक कारोबारहरु समाविष्ट गरी म.ले.प.फा.नं.२७० ले पालिकाको समष्टिगत आर्थिक कारोबारको यथार्थ अवस्था चित्रण गर्ने व्यवस्था गर्नुपर्दछ ।

विवरण	गतवर्षको जिम्मेवारी	यसवर्षको प्राप्ति	यसवर्षको भुक्तानी / धरौटी मौजदात	बैङ्क मौज्दात
सुत्र अनुसारको वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७०)	१०९६८८११४.८१	२६७७६५३७३.२५	२९७०८७३४५.४	८०३६६१४२.६६
एकीकृत आर्थिक विवरणअनुसार	११८०९२६६४	३८१५९६३०३.	४००२९००९३.	९९३९८८७४.
फरक	(८४०४५४९.१९)	(११३८३०९२९.७५)	(१०३२०२७४७.६)	(१९०३२७३१.३४)

२.३ **फरक जिम्मेवारी** - पालिकाले आफ्नो कारोबारको जिम्मेवारी भिडान गरी हिसाब यकिन गर्नुपर्दछ ।पालिकाले सुत्र अनुसारको वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७०) अनुसार रु. १० करोड ९६ लाख ८८ हजार ११४.८१ र एकीकृत आर्थिक विवरणअनुसार रु. ११ करोड ८० लाख ९२ हजार ६६४ अर्थात सुत्र भन्दा एकीकृत आर्थिक विवरणमा रु. ८४ लाख ०४ हजार ५४९.१९ बढी जिम्मेवारी सारेको छ। पालिकाको गतवर्षको लेखापरीक्षण प्रतिवेदनअनुसार रु. १२ करोड १५ लाख ४९ हजार ०६५.९ मौज्दात रहेकोमा यो वर्ष रु.१० करोड ९६ लाख ८८ हजार ११४.८१ जिम्मेवारी सारेको छ । जस अनुसार लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएको भन्दा रु. १ करोड १८ लाख ६० हजार ९५१ घटी जिम्मेवारी सारेको सम्बन्धमा यकिन गर्नुपर्ने देखिएको रु.

प्रमाण पेश नगरेको	१,१८,६०,९५१

२.४ **बैङ्क हिसाब विवरण** - स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७६ अनुसार पालिकाको कारोबार, आय व्ययको लेखा प्रणाली तथा राजस्व र खर्च शीर्षकको वर्गीकरणअनुसार लेखाङ्कन र बैङ्क हिसाब मिलान विवरण (म.ले.प.फा.नं.२१२) तयार गरी हिसाब भिडान समेत गर्नुपर्दछ । पालिकाले बैङ्क हिसाब मिलान विवरण तयार नगरेको कारण वर्षान्तमा स्रेस्ता र बैङ्क मौज्दात देहायअनुसार छ:

बैंकको नाम	खाताको प्रकार	श्रेस्ता अनुसार बाकी रु	बैंक अनुसार बाकी रु	फरक	कैफियत
मेगा बैंक नेपाल लि.	ग २.७, विविध खर्च खाता	१९३८१७२.००	१९३८१७२.००	०.००	
एन आई सि एशिया बैंक लि.	ग ३.१, स्थानीय तह धरौटी खाता	३६९४९.२०	८३६३७०२.२०	०.००	
नेपाल इन्भेस्टमेन्ट मेगा बैंक लि.	ग ३.१, स्थानीय तह धरौटी खाता	६८०४१३१.७७			
मेगा बैंक नेपाल लि.	ग ३.१, स्थानीय तह धरौटी खाता	१५२२६२१.२३			
नेपाल इन्भेस्टमेन्ट मेगा बैंक लि.	ग ४.१, स्थानीय तह सञ्चित कोष खाता	७३१७२१४६.४२	९७४६०७०२.२२	(२४२८८५५५.८०)	बैंक बढी
जम्मा		८३४७४०२०.६२	१०७७६२५७६.४२	(२४२८८५५५.८०)	

सञ्चित कोष खातामा श्रेस्ता भन्दा बैंक रु. २ करोड ४२ लाख ८८ हजार ५५५.८ बढी देखिन्छ ।अत: बैक मौज्दात बढी हुनुको कारण पत्ता लगाई पालिकाले म.ले.फा.नं. २१२ तयार गरी स्रेस्ता र बैङ्कबीच हिसाब मिलान गर्नुपर्दछ ।

२.५ **निष्क्रिय मौज्दात** - पालिकावाट उपलब्ध गराएको विविध खर्च खाताको विवरणमा आर्थिक वर्ष २०८१।८२ को अन्त्यसम्ममा विविध खर्च खाता (ग २-३/ग २-७)मा रु. १९ लाख ३८ हजार १७२ गत विगत वर्षदेखिकै निष्क्रिय मौज्दात रहेको देखियो । उक्त मौज्दात रकमको प्रयोजन यकिन गरी निष्क्रिय रहेको औचित्य हेरी संचित कोषमा स्थानान्तरण गर्नुपर्दछ ।

२.६ **कर दायित्व** - पालिकाले तयार गरेको वित्तीय प्रतिवेदन (म.ले.प.फा.नं २७०) अनुसार वर्षान्तमा विभिन्न भुक्तानीहरुमा कट्टी गरेको कर दायित्व रु. ३१ लाख ०७ हजार ८७७.९६ देखाएको छ । यकिन भई सकेको कर दायित्व लेखापरीक्षण अवधिसम्म पनि दाखिला गरेको पाइएन । अत: उक्त रकम सम्बन्धित खातामा दाखिला गर्नुपर्ने रु.

असुल गर्नुपर्ने	३१,०७,८७७

३ **बजेट तथा कार्यक्रम-**

३.१ **बजेट सीमा निर्धारण समिति** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्रथमिकिकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले बैशाख १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितीलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा पालिकाले समितिको गठन गरेको छैन । ऐनमा व्यवस्था भएअनुसार बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ ।

३.२

बजेट पेश, पारित र अख्तियारी - स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ म स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहमा उपप्रमुखले मिति २०८१।०५।२६ गते रु. ५० करोड ८४ लाख ८४ हजार ८१० बजेट सभा समक्ष पेश गरेकोमा मिति २०८१।०५।२६ मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले मिति २०८१।०५।२८ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ ।कानुनमा ब्यवस्था भए बमोजिम समयमै बजेट परीत गरी प्रमूख प्रशासकीय अधिकृततालाइ खर्च गर्ने अख्तियारी दिनुपर्दछ।

३.३ **लक्ष्य प्रगति** - कार्यालयले चौमासिक र बार्षिक प्रगती विवरण बनाई पेश गर्नुपर्नेमा पालिकाले सञ्चालन गरेका पालिका स्तर, वडा स्तरका योजनाको नियम बमोजिमको ढाँचामा चौमासिक प्रगती विवरण तयार गरेको देखिएन । बजेट खर्च गर्ने तथा खर्चको तोकिएको ढाँचामा बार्षिक प्रगति तयार गर्ने ब्यवस्था मिलाउनु पर्दछ ।

कार्यक्रम/ योजना	**कुल कार्यक्रम**	**वार्षिक प्रगति स्थिति**					
		शून्य प्रगती	**२५ प्रतिशत सम्म**	**५० प्रतिशत सम्म**	**७५ प्रतिशत सम्म**	*७५ प्रतिशत भन्दा माथि*	**१०० प्रतिशत**
कार्यक्रम संख्या	१३१	४७	६	३	८	५७	१०

यो वर्ष सभाले पारित गरेका उल्लेखित १३१ योजना तथा कार्यक्रम मध्ये ८४ योजना तथा कार्यक्रम मात्र कार्यान्वयन भई ४७ योजना तथा कार्यक्रम कार्यान्वयन हुन सकेको देखिएन । तसर्थ पालिकाले योजना वस्तुनिष्ठ तवरले प्राथिमिकीकरण र छनौट गरी प्रभावकारी कार्यान्वयन गर्नुपर्दछ।

३.४ **योजनाको प्राथमिकीकरण** - स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ । स्थानीय तहको योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकीकरणका आधारहरू गरिवी निवारणमा प्रत्यक्ष योगदान पुर्याउने, उत्पादनमूलक र छिटो प्रतिफल प्राप्त गर्न सकिने, आम्दानी र रोजगारी बृद्धी गर्ने, लागत सहभागिता जुट्ने , स्थानीय स्रोत, साधन सीपको प्रयोग हुने, समावेशी विकासमा योगदान पुर्याउने, दिगो र वातावरण संरक्षण र भाषिक र सांस्कृतिक विकास योगदान पुर्याउने लागायत उल्लेख गरेको छ र सोही अनुसार गणना गरी प्राथमिकता आधारमा योजना छनौट गर्नु पर्ने व्यवस्था छ। तर पालिकाले आर्थिक वर्ष २०८०।८१ मा निम्नअनुसार ५ वडाको लागि वडागत र पालिकास्तरका कुल १३१ योजनामा वजेट विनियोजन गरेको छ।

क्र. सं.	**कार्यक्रमको नाम**	**योजना सङ्ख्या**	**रु.२० लाखमाथिका योजना सङ्ख्या**	**रु.५ लाखदेखि २० लाख सम्मका योजना सङ्ख्या**	**रु.५लाखभन्दा कमका योजना सङ्ख्या**
१	पालिकास्तरीय	८१	१९	४९	१३
२	वडास्तरीय	५०	३	३४	१३

उपर्युक्त विवरणअनुसार पालिकाले साना र वितरणमुखी योजनाहरु सञ्चालन गरेको देखिन्छ । जसले गर्दा सञ्चालित योजनावाट दीर्घकालिन प्रतिफल प्राप्त नहुनका साथै चालु प्रकृतिका खर्चमा बृद्धि भै लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तर समेत कमोजोर हुन सक्छ ।

३.५ **त्रैमासिक पूँजीगत खर्च** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायीत्व नियमावली, २०७७ को नियम २३ बमोजिम स्वीकृत भएको कार्यक्रममा नियम २५ बमोजिम त्रैमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र त्रैमासिक कार्यलक्ष्य तथा कर्यक्रम बमोजिम कार्यसम्पादन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलव्ध गराएको विवरण अनुसार त्रैमासिक खर्चको स्थिति देहाय बमोजिम छ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

बजेट उपशिर्षक	कुल खर्च	त्रैमासिक खर्च				असार महिना
		प्रथम त्रैमासिक	दोस्रो त्रैमासिक	तेश्रो त्रैमासिक	चौथो त्रैमासिक	
पूँजिगत	१००९१६७०९.७९	०	२१३२८८.	४९५३८३६.	९५७४९५८५.७९	९०८४९२०५.७९
प्रतिशत	१००	०.	०.२१	४.९१	९४.८८	९०.

पालिकाले उपलब्ध गराएको विवरणअनुसार बार्षिक रु. २२ करोड ८८ लाख ३४ हजार बिनियोजन मध्ये रु. १० करोड ९ लाख १६ हजार ७०९.७९ निकासा भएकोमा प्रथम त्रैमासिकमा खर्च हुन सकेको देखिएन भने दोश्रो त्रैमासिकमा रु. २ लाख १३ हजार २८८ अर्थात ०.२१ प्रतिशत र तेश्रो त्रैमासिकमा रु. ४९ लाख ५३ हजार ८३६ अर्थात ४.९१ प्रतिशत र चौथो त्रैमासिकमा रु. ९ करोड ५७ लाख ४९ हजार ५८५.७९ अर्थात ९४.८८ प्रतिशत खर्च गरेको देखिएको छ । यसरी नै आषाढ महिनामा मात्र रु. ९ करोड ०८ लाख ४९ हजार २०५.७९ अर्थात ९० प्रतिशत खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च ब्यवस्थापन भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार त्रैमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वियन गरिनुपर्दछ ।

३.६ **क्षेत्रगत बजेट तथा खर्च** - स्थानीय तहको एकीकृत समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०८०।८१ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहाय अनुसार सबैभन्दा धेरै बजेट कार्यालय सञ्चालन तथा प्रशासनिकमा खर्च मा रु. १८ करोड ७९ लाख ८५ हजार ८१० विनियोजन गरी रु. ११ करोड ०६ लाख ५१ हजार ९०६.८७ अर्थात विनियोजनको ५८.८६ प्रतिशत खर्च गरेको छ। आर्थकि विकास पछी दोश्रोमा पूर्वाधार विकासमा रु. १७ करोड ३५ लाख ३४ हजार विनियोजन गरी रु. ८ करोड २२ लाख ०८ हजार ५२६.७९ अर्थात ४७.३७ प्रतिशत खर्च गरेको छ। त्यस पछी क्रमश: सामाजिक विकास रु. १३ करोड ४४ लाख ६९ हजार आर्थिक विकास रु. ६४ लाख ९६ हजार र सुशासन तथा अन्तर्सम्बन्धित क्षेत्रमा रु. ६० लाख बजेट विनियोजन भएको छ। खर्च तर्फ सामाजिक विकासमा विनियोजित बजेटको ७०.८७, आर्थिक विकासमा ५९.६७ र सुशासन तथा अन्तरसम्बन्धित क्षेत्रमा ६८.५५ प्रतिशत खर्च भएको देखिन्छ। ।लक्ष्य अनुसार खर्च गरी पूर्वाधार विकास गर्न पालिकाले ध्यान दिनु पर्दछ ।

क्र.सं.	क्षेत्र/ उप क्षेत्र	विनियोजन	खर्च	खर्च (%)	मौज्दात
१	आर्थिक विकास	६४९६०००.	३८७६३१५.७५	५९.६७	२६१९६८४.२५
१	कृषि	३७९६०००.	२०४२४६६.७५	५३.८१	१७५३५३३.२५
२	उद्योग	१२०००००.	८५५४५२.	७१.२९	३४४५४८.
३	सहकारी	५०००००.	५०००००.	१००	०
४	जलश्रोत तथा सिंचाई	५०००००.	०	०	५०००००.
५	वाणिज्य	५०००००.	४७८३९७.	९५.६८	२१,६०३.००
२	सामाजिक विकास	१३४४६९०००.	९५२९८११६.९९	७०.८७	३९१७०८८३.०१
१	शिक्षा	८२१९८०००.	५५८३१९८३.५९	६७.९२	२६३६६०१६.४१
२	स्वास्थ्य	२८६०१०००.	२३९९७७४३.४	८३.९१	४६०३२५६.६
३	खानेपानी तथा सरसफाई	९६०००००.	६४५८७२७.	६७.२८	३१४१२७३.
४	भाषा तथा संस्कृति	९८०००००.	७१९७२०५.	७३.४४	२६०२७९५.
५	लैंगिक समानता तथा सामाजिक समावेशीकरण	११७५०००.	८९६६२५.	७६.३१	२७८३७५.
६	युवा तथा खेलकुद	१००००००.	४९००४१.	४९	५०९९५९.
७	सामाजिक सुरक्षा तथा संरक्षण	२०९५०००.	४२५७९२.	२०.३२	१६६९२०८.
३	पूर्वाधार विकास	१७३५३४०००.	८२२०८५२६.७९	४७.३७	९१३२५४७३.२१
१	यातयात पूर्वाधार	११९१५१०००.	५८३०१९०२.७९	४८.९३	६०८४९०९७.२१
२	भवन, आवास तथा सहरी विकास	४७७३३०००.	१७९५४९७०.	३७.६१	२९७७८०३०.
३	उर्जा	६६५००००.	५९५१६५४.	८९.५	६९८३४६.
४	सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र	६००००००.	४११३१७९.	६८.५५	१८८६८२१.
१	श्रम तथा रोजगारी	६००००००.	४११३१७९.	६८.५५	१८८६८२१.
५	कार्यालय सञ्चालन तथा प्रशासनिक	१८७९८५८१०.	११०६५१९०६.८७	५८.८६	७७३३३९०३.१३
१	कार्यालय सञ्चालन तथा प्रशासनिक	१८७९८५८१०.	११०६५१९०६.८७	५८.८६	७७३३३९०३.१३
	कुल जम्मा	५०८४८४८१०.	२९६१४८०४५.४	५८.२४	२१२३३६७६४.६

३.७ **आन्तरिक आय** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०८१।८२ मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ ।

केन्द्रीय अनुदानबाट खर्च	आन्तरिक आय	आन्तरिक आय प्रतिशत
१४४८४१७९१.०१	३७४५३२५.३१	२.५९

उपर्युक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा २.५९ प्रतिशत मात्र रहेको छ। त्यसैले पालिकाको आन्तरिक आय सङ्कलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

३.८ **खर्च बिश्लेषण** - पालिकाले यसवर्ष गत आर्थिक बर्षको अल्या रु. १० करोड,९६ लाख ,८८ हजार,११४.८१ कुल आन्तिरक आय रु. ३७ लाख ४५ हजार ३२५ राजस्व बाँडफाँड रु. ६ करोड,२६ लाख ३५ हजार ३०५ र अनुदानबाट रु. १९ करोड १६ लाख ६५ हजार ९८९ समेत रु.२५ करोड ८० लाख ४६ हजार ६१९ आम्दानी भएकोमा धरौटी आम्दानी रु. ७७ लाख ८० हजार ५८१.७७ र कोष तर्फको आम्दानी रु.१९ लाख ३८ हजार १७२ तथा धरौटी फिर्ता रु.९ लाख ३९ हजार ३०० भइ यस आ.ब.को अन्त्यमा नगद तथा बैंक मौज्दात रु. ८ करोड ३ लाख ६६ हजार १४२.६६ रहेको छ। चालुतर्फ रु. १९ करोड ५२ लाख ३१ हजार ३३५.६१ र पूँजिगततर्फ रु. १० करोड ०९ लाख १६ हजार ७०९.७९ गरी जम्मा रु. २९ करोड ६१ लाख ४८ हजार ०४५.४ खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा १.२६ प्रतिशत रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको र आन्तरिक आयको कुल रकमको तुलनामा चालु ७५.६५ र पूँजिगत ३९.१० प्रतिशतमात्र पुँजीगत खर्च भएको देखिन्छ । यसबाट पालिकाले विकास निर्माण कार्यक्रम सञ्चालनमा न्युन खर्च गरी प्रशासनिक कार्यमा बढी खर्च गरेको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिक रुपमा विकास निर्माणमा परिचालन गरिनुपर्दछ ।

४ **अनुदान प्राप्ति, उपयोग र फिर्ता-**

ससर्त अनुदान फिर्ता -

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-८** को निर्णयले रू **५६२,४१२** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	०

५ **संगठन तथा कर्मचारी ब्यवस्थापन-**

५.१ **तलवी प्रतिवेदन** - स्थानिय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय तह अन्तर्गतका कर्मचारीहरुको बार्षिक तलबी प्रतिबेदन आन्तरीक लेखापरीक्षकबाट र निजामति कर्मचारीको तलवी प्रतिवेदन निजामति सेवा ऐन २०४९ को दफा ७ (ख) मा जिल्ला स्थित प्रदेश लेखा नियन्त्रक कार्यालयबाट पारित गराई तलब खर्च लेख्नुपर्ने उल्लेख छ । पालिकाले यस आर्थिक बर्षको तलवी प्रतिवेदन पारित नगरी रु. १ करोड ३७ लाख २४ हजार ६०९.९८ कर्मचारी पारीश्रमिकमा भुक्तानी गरेको छ । तलवी प्रतिवेदन पारित नहुँदा तलव स्केल र ग्रेड भिडान गर्न सकिएन । नियमावलीको व्यवस्था अनुसार प्रतिवेदन पारित गरेर मात्र तलव खर्च लेख्नु पर्दछ ।

५.२ **प्रशासकीय संगठन र जनशक्ति व्यवस्थापन** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ ।संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट पठाइएको दरबन्दी तेरिज अनुसार पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित २९ दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधि सम्म पालिका तर्फ प्रमुख प्रशासकीय अधिकृत सहित २० जना पदपूर्ती भएको देखिन्छ । पालिकाले आ.ब. २०७८/७९ मा संगठन तथा ब्यवस्थापन सर्वेक्षण गरी पालिका तर्फ प्रमुख प्रशासकीय अधिकृत सहित ३८ र वडा कार्यालय तर्फ २५ पद कृषि तथा पशु सेवा तर्फ ११, स्वास्थ्य तर्फ ३० तथा नगर प्रहरी ८ गरी कुल ११२ पद कायम गरी आ ब २०७८/७९ को गाउँसभाबाट परित गरेको छ तर सो पदहरुको पद दर्ता गराएको छैन।

६ **आन्तरीक नियन्त्रण ब्यवस्था-**

६.१ आन्तरिक नियन्त्रण प्रणाली - स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्ने व्यवस्था छ।तर पालिकाले त्यस्तो प्रणाली तयार गरी लागु गरेको पाईएन। जसले गर्दा पालिकाको आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको र सोमाथि विश्वस्त हुन सक्ने अवस्था रहेको छैन।यस सम्वन्धमा देखिएका केही व्यहोराहरु देहाय बमोजिम रहेका छन:

- पालिकाले स्वीकृत ढाँचामा लेखा राख्ने प्रयास गरे तापनि जिन्सी खाता, बैक नगदी किताब, लेजर लगायत खाताहरु प्रमाणित नगरेको, खर्चको बिल भरपाई तेरिज बनाई जोडजम्मा गर्ने नगरेको, आम्दानी तर्फको खाता व्यवस्थित नराखेको,
- भौतिक एवं वित्तिय स्थिति देखिने गरी वार्षिक कार्यक्रको लक्ष्य प्रगति विवरण तयार नगरेको, निर्माण कार्य तथा सञ्चालित भएका योजनाहरूको बिल भरपाई व्यवस्थित रुपमा नराखेको, खर्चको तेरीज तयार नगरेको, आधारभूत कागजातहरुको संरक्षणमा ध्यान नदिएको, आंशिक बिल भरपाईमात्र श्रेस्तासाथ राख्ने गरेको,
- पालिकाबाट सञ्चालित आयोजनाको मर्मत सम्भारको लागि मर्मत सम्भार कार्यविधि तर्जुमा गरेको पाइएन,
- पालिकाले उद्देश्य प्राप्तिमा आइपर्ने सक्ने सम्भावित जोखिमहरु पहिचान गरी सोको निराकरणको प्रयास गरेको अभिलेख राखेको छैन,
- यस पालिकामा कार्यरत सबै कर्मचारीको कार्य विवरण वनाई सोको आधारमा कार्यसम्पादन मूल्याङ्कन गर्नुपर्नेमा सो गरेको पाईएन,
- ठेक्का वा उपभोक्ताबाट हुने कामको निर्माण सुरु, लागत, सम्पन्न हुने मिति लगायत विस्तृत विवरण देखिने गरी ठेक्का अभिलेख खाता तयार गरेको पाइएन,
- सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई मर्मत सम्भार गर्ने जिम्मा सहित हस्तान्तरण गर्नुपर्नेमा सो गरेको पाईएन,
- सार्वजनिक खरिद ऐन, २०६३ अनुसार रु.१० करोड भन्दा बढी रकमको वस्तु, निर्माण, परामर्श लगायत खरिद गर्दा खरिद गुरुयोजना तयार गर्नुपर्नेमा पालिकाले खरिद योजना र खरिद गुरुयोजना तयार नगरी खरिद गर्ने गरेको,
- पालिकाबाट सञ्चालन गरिएका अभिमुखीकरण कार्यक्रम सीप विकास तालिम लगायका कक्षाहरुमा श्रोत व्यक्तिलाई प्रशिक्षण भत्ता भुक्तानी गरेकोमा अधिकांशमा कार्यपत्र समावेश छैन भने विभिन्न् कार्यक्रमहरुको अनुगमन गरेको भनी भत्ता भुक्तानी गरेकोमा अनुगमन प्रतिवेदन समेत संलग्न गर्ने गरेको पाइएन,
- पालिकाले कृषि तथा पशुसँग सम्बन्धित सामग्री, लघुउद्यम विकास सम्बन्धी सामग्री तथा अन्य अनुदान वितरण गर्दा लाभग्राहीको पहिचान खुल्ने गरी नागरीकता नम्बर तथा सम्पर्क नम्बर समावेश नगरी नाममात्र उल्लेख गरी भरपाई गराई वितरण गर्ने गरेको पाइयो,
- पालिका भित्रका विद्यालय अनुगमन मापदण्ड तयार गरेको छैन भने अनुगमन समेत गरेको देखिने अभिलेख राख्ने गरेको पाइएन,
- संस्थागत विद्यालयहरूको दर्ता, नवीकरण, शुल्क निर्धारण, वर्गीकरण लगायतका अभिलेख व्यवस्थित तवरले राखेको पाइएन,
- संस्थागत विद्यालयहरूमा अध्ययनरत विद्यार्थीहरुको तथ्याङ्क IEMIS अद्यावधिक गरेको पाइएन,
- पालिकाले एक आर्थिक वर्षको अन्त्यभित्र भएको आफ्नो आर्थिक कारोवारको अनुसूची १४ वमोजिम ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाइएन,

तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकिए बमोजिम प्रभावकारी र विश्वशनीय बनाई सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

६.२ **ईन्धन खर्च विष्लेषण** - प्रदेश खर्च मापदण्ड निर्देशिका, २०७७ को दफा १७ अनुसुची ४ र मधेश प्रदेशको स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधा सम्बन्धी ऐन, २०७७ बमोजिम पदाधिकारी, कर्मचारी र मधेश प्रदेश सरकार द्वारा प्रकाशित स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सेवा सुविधालाइ ब्यवस्थित गर्न बनेको ऐन को दफा ४ र अनुसूची बमोजिम पदाधिकारीले

कार्यालय प्रयोजनको लागि मापदण्ड बमोजिम ईन्धन खर्च गर्नुपर्ने व्यवस्था छ। सवारीको प्रयोग, ईन्धन तथा अन्य उपभोग्य वस्तुको खपत र सोको नियन्त्रण गर्न मलेप फारम ९०५ अनुसार सवारी साधन मेसिन प्रयोगको लगवुक राखे व्यवस्था छ। पालिकाले व्यवस्थित तरिकाले लगवुक राखेको देखिदैन। पालिकासँग भएका चारपाङ्ग्रे तथा दुई पाङ्ग्रे सवारी साधनमा १२ महिनामा उल्लेखित सुविधा तथा नर्म्स अनुसार रु. ११ लाख २८ हजार खर्च हुनुपर्ने देखिन्छ। पालिकाले इन्धन कार्यालय प्रयोजनमा रु. २७ लाख ८२ हजार १९५ खर्च लेखेको छ। पालिकाले नर्म्स भन्दा रु. १६ लाख ५४ हजार १९५ बढी खर्च लेखेको छ। नर्म्स अनुसार ईन्धनमा निम्नानुसार खर्च हुनुपर्ने देखिन्छ।

कार्यालय प्रयोजन	डिजेल १०० लि पेट्रोल ७५ लि	२१००	१६०	३३६०००
गा पा अध्यक्ष ले पाउने सुविधा	१०० लि	१५००	१६०	२४००००
उपाध्यक्षले पाउने सुविधा	१०० लि	१५००	१६०	२४००००
वडा अध्क्षले पाउने	२५ लि	१५००	१६०	२४००००
मोविल तथा अन्य (गा पा अध्यक्ष र उपाध्यक्ष)	प्रति ४ महिनामा १० लि	६०	८००	४८०००
मोविल तथा अन्य वडा अध्यक्ष	प्रति ४ महिनामा २ लि	३०	८००	२४०००
जम्मा हुनुपर्ने रकम				११२८०००
सुत्र अनुसारको खर्च				२७८२१९५
मापदण्ड भन्दा बढी खर्च				१६५४१९५

६.३ **भ्रमण अभिलेख एवं प्रतिबेदन** - भ्रमण खर्च नियमावली, २०६४ अनुसार आफू कार्यरत क्षेत्रभित्र भ्रमण गर्दा दैनिक भ्रमण भत्ता नपाउने तथा एकै दिन गएर फर्किन सक्ने ठाउमा खाजा खर्च वापत दैनिक भ्रमण भत्ताको २५ प्रतिशत रकम दिन सकिने उल्लेख छ । नियम २१ मा भ्रमणमा खटिने पदाधिकारी वा कर्मचारीले भ्रमण प्रारम्भ गरेपछि सम्बन्धित कार्यालयले अनुसूची-६ बमोजिमको ढाँचामा भ्रमण अभिलेख राख्नुपर्ने उल्लेख छ । पालिकाले विभिन्न पदाधिकारी तथा कर्मचारीले विभिन्न स्थानमा भ्रमण गरेको भ्रमण आदेश र भ्रमण विल अनुसार भ्रमण खर्च (22612) बाट रु. १३ लाख ५३ हजार ५४८ विशिष्ट व्यक्ति तथा प्रतिनिधि मण्डलको भ्रमण खर्च (२२६१३) बाट रु.३० हजार ६९९ अन्य भ्रमण खर्च (२२६१९) (पदाधिकारी यातायात खर्च समेत) बाट रु.२३ लाख ६ हजार समेत गरी रु.३६ लाख ९० हजार १५७ खर्च लेखेकोमा भ्रमण अभिलेख व्यवस्थित राखेको छैन साथै भ्रमण/अनुगमन प्रतिबेदन बेगर खर्च लेखेको दैनिक भ्रमण भत्ता भुक्तानी गरेको पाइयो । नियमावलीमा उल्लेख भएबमोजिम भ्रमण अभिलेख तथा भ्रमण प्रतिवेदन राखेर मात्र भ्रमण खर्च लेख्नु पर्दछ ।

७ **कानुन निर्माण र न्याय सम्पादन-**

न्यायीक समिति - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतबर्ष फर्स्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाकी ८५ र यो बर्ष थप भएको ९ गरी कुल ९४ विवाद दर्ता भएकोमा ४ वटा मात्र फर्स्यौट भएको र ९० विवाद बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फर्स्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ ।

८ **सम्पती ब्यवस्थापन-**

जिन्सी व्यवस्थापन - जिन्सी निरीक्षण आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा जिन्सी मालसामानको मौजुदा अवस्थाको बारेमा कम्तिमा वर्षमा १ पटक कार्यालय प्रमुख आफैले वा जिन्सी शाखाको जिम्मा लिने बाहेक अन्य

कर्मचारीलाई जिन्सी निरीक्षण गर्न लगाई प्रतिवेदन लिनुपर्ने व्यवस्था छ। यस वर्ष पालिकाले जिन्सी निरीक्षण गरि मर्मत गर्नुपर्ने, लिलाम विक्रि गर्नु पर्ने तथा मिन्हा गर्नुपर्ने भनि जिन्सी समानको पहिचान जीन्सी निरीक्षण गरी प्रतिबेदन तयार पारेको पाइएन।

९ **पेश्की ब्यवस्थापन-**

९.१ **चालु आ.व.को पेस्की बाँकी -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५० मा पेश्की दिईएको रकम तोकिएको म्याद भित्र फछर्यौट गर्नु गराउनु पेश्की लिने दिने दुवै थरिको कर्तव्य हुने उल्लेख छ।पालिकाले निम्न कर्मचारी तथा संस्थालाई दिएको पेश्की गत आर्थिक वर्षको समेत फस्र्यौट नभई रु.३४ लाख १३ हजार ७४५ बाँकी रहेको देखिन्छ। जस मध्ये आ.व.२०८१। ८२ को म्याद समाप्त भएको फस्र्यौट गर्न बाँकी रु.

क्र.सं.	पेश्की लिएको मिति	गो. भौ. न.	पेश्कीको विवरण	पेश्की लिने ब्यक्ती फर्म वा कम्पनीको नाम	म्याद नाघेको
१	ठेकेदार				
१	०७/०२/२०८२	३	लक्ष्मीपुरको जमुवा देखि चौक हुदै थल्हाको कर्हरवा सम्म सडक कालोपत्रे तथा नाला निर्माण आयोजना	सुख शान्ति निर्माण सेवा	१२४००००
२	व्यक्तिगत				
१	२७/११/२०८१	१३७	उपभोक्ता समितिहरुलाई योजना संचालन सम्वन्धी अभिमुखिकण तालिम	दिनेश कुमार यादव	१५००००
२	२१/०१/२०८२	२५५	कर्मचारी तथा जनप्रतिनिधिहरुलाई क्षमता विकास तथा वित्तीय सुशासन तालिम	दिनेश कुमार यादव	४०००००
			कुल जम्मा		१७९००००

..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-९** को निर्णयले रू **१००,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

पेश्की	१७,९०,०००

९.२ **म्याद ननाघेको फस्र्यौट हुन बाँकी पेश्की -** आर्थिक कार्यविधि तथा वितीय उतरदायित्व नियमावली, २०७७ को नियम ५० (३) कार्यालयको सम्झौताको शर्त अनुसार दिइने पेश्की र भ्रमणको निमित्त दिइने पेश्की बाहेक चालू आर्थिक बर्षको अन्त्य सम्ममा फस्र्यौट हुन नसक्ने गरी कुनै पेश्की दिनु नहुने ब्यवस्था छ।सोही नियममावलीको नियम ५० (४) यस परिच्छेदमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि आर्थिक वर्षको अन्त्यसम्ममा बजेट फ्रिज हुन नदिने उद्देश्यले कसैलाई पेश्की दिन, त्यस्तो रकम अन्य कोषमा जम्मा गर्न, स्वदेशी व्यक्ति, फर्म, संस्था वा कम्पनीले स्थानीयस्तरमा भुक्तानी हुने गरी प्रतितपत्र खोल्न, सार्वजनिक संस्थानमा लगानी गर्न वा प्रदेश तथा स्थानीय तहमा रकम हस्तान्तरण गर्न नपाइने ब्यवस्था छ।पालिकाले बार्षान्तमा चालू आर्थिक बर्षको अन्त्य सम्म फस्र्यौट हुन नसक्ने देहायबमोजिमको ब्यक्ति तथा संस्था लाइ पेश्की दिएको देखिन्छ।समयमा फस्र्यौट हुन नसक्ने पेश्की दिने परिपाटीको अन्त्य गरी नियामावलीमा ब्यवस्था भए बमोजिम पेश्की दिने र फस्र्यौट गर्ने ब्यवस्था गर्नुपुर्दछ।

क्र.सं.	पेश्की लिएको मिति	गो. भौ. न.	पेश्कीको विवरण	पेश्की लिने ब्यक्ती फर्म वा कम्पनीको नाम	कर्मचारी भए पद	चालु आ. व. को म्याद ननाघेको पेश्की	
						रकम	फछ्र्यौटको अन्तिम म्याद
१	कर्मचारी						
२	२२/०३/२०८२	३४२	बिमा तथा नवीकरण खर्च	लाल बहादुर श्रेष्ठ	कार्यालय सहयोगी	२२५०००	२५/०४/२०८२

१० **राजस्व तथा आन्तरिक आय** -

१०.१ **असुली गर्न बाँकी आन्तरिक आय** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ९ मा वित्तीय अधिकार क्षेत्र अन्तर्गतआन्तरिक आय वृद्धिकालागी आफ्नो क्षेत्र भित्र आफुले निर्माण रेखदेख वा संचालन गरेको हाटबजार वा पसल वा सरकारी जग्गामा बनेका संरचना उपयोग गरेवापतविभिन्न कर तथा शुल्कबहाल विरौटी शुल्क आदी लगाउने र आय ठेक्का बापत बक्यौता रकम समेत असुली गर्ने व्यवस्था छ ।साथैआर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ मा उल्लेखित प्रक्रिया र कार्यविधि अनुसार समयमानै प्राप्त हुन नसकेमा सम्झौतामा तोकिएको अवधि र अवधि नतोकेको अवस्थामा आयकर ऐन २०५८ अनुसार सामान्य ब्याज दर १० प्रतिशतले हुने ब्याज गणना गरीसो समेत दाखिला गर्न लगाउने सक्ने व्यवस्था छ ।यस पालिकाले विगत र यो वर्ष सम्झौता गरेको आन्तरिक आय ठेक्कामा देहायअनुसारका व्यवसायीबाट असुल गर्नबाँकी रहेको देखियो ।असुल हुन बाँकी राजश्व नियमानुसार ब्याज समेत असुल गरी दाखिला गर्नुपर्ने दखिएको रु.

ठेक्का नं.	विवरण	ठेक्का अवधि	व्यावसायीको नाम	ठेगाना	कबोल रकम रु.	यस वर्षमा प्राप्त गर्नुपर्ने किस्ता	यस वर्षप्राप्त रकम	बुझाउन बाँकी रहेको किस्ता
१	राम औतारबाला पोखरी,विष्णुपर गा.पा.-४ सिरहा	३ वर्ष २०७५।१२।१०	सन्त कुमार मण्डल	कल्याणपुर न.पा.-३ सिरहा	२८७०००	११४८००	०	११४८००
२	हरि कुसीयैतबाला पोखरी विष्णुपर गा.पा.-४ सिरहा	३ वर्ष२०७५।१२।१०	लक्षण देव यादव	विष्णुपुर गा.पा.-४ सिरहा	३८१०००	१५२४००	०	१५२४००
३	बथानटोल बाला पोखरी विष्णुपर गा.पा.-४ सिरहा	३ वर्ष२०७५।१२।१०	लक्षण देव यादव	विष्णुपर गा.पा.-४ सिरहा	३७५०००	१०००००	०	१०००००
४	गुरु सरण बाला पोखरी विष्णुपर गा.पा.-२ सिरहा	३ वर्ष२०७५।१२।१०	मोहन कुमार साह	विष्णुपर गा.पा.-२ सिरहा	८४५००	२८१६६	२८१६६	०
५	खोरयाटोल बाला पोखरी विष्णुपर गा.पा.-१ सिरहा	३ वर्ष२०७५।१२।१०	सितल प्रसाद यादव	विष्णुपर गा.पा.-3 सिरहा	१४२५१००	७१२५५०	०	७१२५५०
६	रजोखरी बडकी पोखरी विष्णुपर गा.पा.-३ सिरहा	३ वर्ष२०७५।१२।१०	धर्मनाथ कापैर	विष्णुपर गा.पा.-३ सिरहा	१३७१०००	३४२७५०	०	३४२७५०
७	राजपुर अधिकारी पोखरी विष्णुपर गा.पा.-३ सिरहा	३ वर्ष२०७५।१२।१०	सितल प्रसाद यादव	विष्णुपर गा.पा.-३ सिरहा	२००५००	५०१२५	०	५०१२५
८	भिण्डवार बाला पोखरी विष्णुपर गा.पा.-३ सिरहा	३ वर्ष२०७५।१२।१०	श्री जामुन प्रसाद यादव	विष्णुपर गा.पा.-३ सिरहा	१५१०००	३९०००	०	३९०००
९	राजपुर पोखरी टोलबाला पोखरी विष्णुपर गा.पा.-३ सिरहा	३ वर्ष२०७५।१२।१०	राम अधिन मुखिया	विष्णुपर गा.पा.-१ सिरहा	१२५५००	६२७५०	०	६२७५०
१०	दिनेश साहुबाला पोखरी विष्णुपर गा.पा.-४ सिरहा	३ वर्ष२०७५।१२।१०	संतोष कुमार साह	विष्णुपर गा.पा.-४ सिरहा	३३८५००	१६९२५०	०	१६९२५०
११	सुडिया बाला पोखरी विष्णुपर गा.पा.-२ सिरहा	३ वर्ष२०७५।१२।१०	प्रमोद कुमार यादव	विष्णुपर गा.पा.-२ सिरहा	०	०	०	०
१२	लक्ष्मीपुर हाटबजार	३	अमर कुमार	विष्णुपर	१५७०००	२३३००	०	२३३००

	विष्णुपर गा.पा.-५ सिरहा	वर्ष२०७५। १२।१०	यादव	गा.पा.-५ सिरहा				
१३	पुलकित घर नजिकको पोखरी विष्णुपर गा.पा.-१ सिरहा	५ वर्ष २०७६।७।७	भोगेन्द्र प्रसाद यादव	विष्णुपर गा.पा.-१ सिरहा	३३५५०५	६७१०१	६७१०१	०
१४	हटियाबाला पोखरी विष्णुपर गा.पा.-१ सिरहा	५ वर्ष२०७६। ७।७	भोगेन्द्र प्रसाद यादव	विष्णुपर गा.पा.-१ सिरहा	५८५५०५	१७११०१	१७११०१	०
१५	अमानतबाला पोखरी विष्णुपर गा.पा.-१ सिरहा	५ वर्ष२०७६। ७।७	भोगेन्द्र प्रसाद यादव	विष्णुपर गा.पा.-१ सिरहा	३५५५५५	७११११	७११११	०
१६	लक्ष्मीनियाँ दहको उत्तर तर्फको पोखरी विष्णुपर गा.पा.-१ सिरहा	५ वर्ष२०७६। ७।७	सुरेश कुमार साह	मल्हनियाँखोरी-8 सिरहा	६२५५००	२४३९४५	०	२४३९४५
१७	लक्ष्मीनियाँ दहको विचको पोखरी विष्णुपर गा.पा.-१ सिरहा	५ वर्ष२०७६। ०७।७	सुनिल कामती	मिर्चैया न.पा.-९ सिरहा	९८३०००	३८३३७०	०	३८३३७०
१८	लक्ष्मिनियाँ दहको दक्षिण तर्फको पोखरी विष्णुपर गा.पा.-१ सिरहा	५ वर्ष२०७६। ७।७	सुरेश कुमार साह	मल्हनियाँ खोरी-8 सिरहा	२६८०००	१०४५२०	०	१०४५२०
१९	लक्ष्मिनियाँ दहको फुलवल मैदान नजिकको पोखरी विष्णुपर गा.पा.-१ सिरहा	५वर्ष२०७६। ७।७	नविन कुमार कापर	मल्हनियाँखोरी	६२५०००	२४३७५०	०	२४३७५०
२०	गिद्धरमारी पोखरी	५ वर्ष२०७६। ०७।७	जामुन प्रसाद यादव	विष्णुपर गा.पा.-३ सिरहा	१५००५००	३००१००	३००१००	०
२१	दुर्गा मन्दिरबाला पोखरी विष्णुपर गा.पा.-४ सिरहा	५वर्ष२०७६। ७।७	सितल प्रसाद यादव	विष्णुपर गा.पा.-२ सिरहा	१३००५००	८७१३३५	०	८७१३३५
२२	विष्णुपुर हाटबजार विष्णुपर गा.पा.-१ सिरहा	५वर्ष२०७९। ११।१९	ओपेन्द्र यादव	विष्णुपर गा.पा.-१ सिरहा	२५२५१००	९९१८१५	०	९९१८१५
२३	विष्णुपुर हाट बजार सटर नं १ विष्णुपुर गा.पा.-१ सिरहा	३ वर्ष२०७९। ११।१९	जिवछी कुमारी यादव	विष्णुपर गा.पा.-१ सिरहा	१८०१००	५९४३३	०	१२०६६७
२४	विष्णुपुर हाट बजार सटर नं २ विष्णुपुर गा.पा.-१ सिरहा	३ वर्ष२०७५। १२।१०	उमेश कुमार यादव	विष्णुपुर गा.पा.-1 सिरहा	१६२०००	५३४६०	०	१०८५४०
२५	विष्णुपुर हाट बजार सटर	३	रेखा कुमारी	विष्णुपुर	१६२०००	५३४६०	०	१०८५१४०

	नं ३ विष्णुपुर गा.पा.-१ सिरहा	वर्ष२०७९।११।१९	यादव	गा.पा.-1 सिरहा				
२६	विष्णुपुर हाट बजार सटर नं ४ विष्णुपुर गा.पा.-१ सिरहा	३ वर्ष२०७९।११।१९	दिपेन्द्र कुमार साह	विष्णुपुर गा.पा.-२ सिरहा	१५१०००	४९८३०	०	१०११७०
२७	विष्णुपुर हाट बजार सटर नं ५ विष्णुपुर गा.पा.-१ सिरहा	३ वर्ष२०७९।११।१९	सन्जु कुमारी महतो	विष्णुपुर गा.पा.-5 सिरहा	१२६५००	४१७४५	०	८४७५५
२८	विष्णुपुर हाट बजार सटर नं ६ विष्णुपुर गा.पा.-१ सिरहा	३ वर्ष२०७९।११।१९	सन्जु कुमारी महतो	विष्णुपुर गा.पा.-5 सिरहा	१२६५००	४१७४५	०	८४७५५
२९	विष्णुपुर हाट बजार सटर नं ९ विष्णुपुर गा.पा.-१ सिरहा	३ वर्ष२०७९।११।१९	रेखा कुमारी यादव	विष्णुपुर गा.पा.-१ सिरहा	९५०००	३१३५०	०	९५०००
३०.१ **निर्माण कार्यको बिमा** - सार्वजनिक खरीद नियमावली, २०६४ को नियम ११२ अनुसार रु.१० लाख भन्दा बढी मुल्यको निर्माण कार्य गर्ने निर्माण व्यवसायीले निजलाई निर्माणस्थल सुम्पिएको मिति देखि हस्तान्तरण प्रमाण पत्र जारी गर्ने मिति सम्म निर्माण कार्यको हानी नोक्सानीको जोखिम विरुद्ध प्रतिस्थापन खर्चको पन्ध्र प्रतिशतले हुने रकम समेटीने गरी बिमा गराउनु पर्ने व्यवस्था छ। पालिकाले BRM/SQ/Works -15 2081-82 विश्वेश्वरको घर देखी दक्षिण सडक ढलान कार्य विष्णुपुर गा पा वडा न २ को सिलबन्दी दरभाउपत्र माध्यमवाट गरेको खरिद सम्झौतामा निर्माण कार्यको बिमा गराउने प्रावधान राखी पी एस आइटममा इन्सुरेन्स को लागि १७००० राखी एलिका कन्स्ट्रक्सन 610723467 लाइ भुक्तानी गरेको छ तर इन्सुरेन्स गरेको कर बीजक र इन्सुरेन पोलिसी संलग्न भएन देखिएन । निर्माण कार्यको हानी नोक्सानीको जोखिम विरुद्ध तोकिएको अवधिभरको रकम समेटीने गरी बिमा गरेको बीमा पोलिसी र कर बिजक पेश हुनुपर्ने ।

प्रमाण पेश नगरेको	१७,०००

३०.२ **न्यून प्रतिस्पर्धा** - सार्वजनिक खरिद ऐन, २०६३ को दफा २६(६) मा बोलपत्रदाताले आपसमा मिलेमतो गरी बोलपत्र दाखिला गरेको प्रमाणित भएमा त्यस्ता बोलपत्र रद्द हुने व्यवस्था छ । पालिकाले सिलबन्दी दरभाउ पत्र आव्हान गरेको उल्लेखित खरिदमा न्यून प्रतिस्पर्धा (२ प्रतिशत भन्दा कम) भएकोले दरभाउपत्रमा न्युन प्रतिस्प्रधा नभएको भनि एकिन हुन सकिएन । बोलपत्रदाताको बीचमा आपसमा मिलेमतो भए नभएको विश्लेषण गरी मिलोमतो नभएको अवस्थामा मात्र ठेक्का स्वीकृत गरी कार्य गराउनु पर्दछ ।

३१ **सोझै खरिद** - सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ बमोजिम प्रतिस्पर्धा सीमित नहुने गरी खरिद गर्नुपर्ने र नियमावली, २०६४ को नियम ८५ मा रू. १० लाख सम्मको लागत अनुमान भएको निर्माण कार्या वा मालसामन सोझै खरिद गर्न सकिने तथा रू.२० लाखसम्म लागत अनुमान भएको माल सामान निर्माण तथा जुनसुकै सेवा सिलबन्दी दरभाउपत्रबाट र सोभन्दा बढीको खरिद कार्य बोलपत्रको माध्यमबाट गर्नुपर्ने व्यवस्था छ । यो वर्ष पालिकाले एकै प्रकृतिको निम्नानुसारका निर्माण कार्यको लागि प्रतिस्पर्धा नगराई विभिन्न ९७ योजना तथा कार्यक्रममा निर्माण व्यवसायीबाट सोझै खरिद गरी रु. २ करोड ६६ लाख ६८ हजार ३४७.८८ खर्च गरेको छ । जुन पालिकाका पुँजीगत खर्चको ३४ प्रतिशत रहेको छ । सार्वजनिक ऐन, नियमावली अनुसार प्रतिस्पर्धा एवं पारदर्शिता हुनेगरी खरिद गर्नुपर्दछ । केही उदाहरण:

मिति	योजनाको नाम	निर्माण व्यवसायी	वडा	लइ भ्याट रहित	सम्झौता भ्याट रहित	ल इ को तुलनामा घटी प्रतिशत	भुक्तानी रकम
१४-२०८२/०३/१४	वडा भरी सडक मर्मत संभार कार्य	ओम कन्स्ट्रक्सन कम्पनी प्रा लि ६०९७००१७०	२	८५८३२९	८४८९७८	१	८१३३३७
१६-२०८२/०३/१४	दुलारचन पासवानको घरदेखी पूर्व पैनी सम्म सडक आर सी सी ढलान कार्य	जितु निर्माण सेवा ६१४१०४५५८		८४७५४५	८३६२८५	१	८३५८९६
१८-२०८२/०३/१४	बिष्णुपुर हटियामा माटो पुर्ने कार्य	बरुण कन्स्ट्रक्सन ६१४५३१८६२	१	४२९१८७	४२४०९४	१	४२३३६०
२९-२०८२/०३/१७	वडा कार्यालयको कम्पाउण्डवाल निर्माण कार्य	आर जे कन्स्ट्रक्सन ६१९१०९८७३		८५०८१६	८४११५३	१	८४०९०१
४०-२०८२/०३/१९	पल्टा घरदेखी पश्चिम सडक ढलान कार्य	शुभ दिप निर्माण सेवा ६२०८७८८३६		७५९२५८	७४७४६३	२	७३०८९०
४६-२०८२/०३/२१	थल्हाकटहाको पोखरीमा ग्याविन निर्माण कार्य	श्रेष्ठ कन्स्ट्रक्सन ६१४२२४२६१		८५८३८३	८४३२०९	२	८२८१४४
४८-२०८२/०३/२३	लक्ष्मिपुर मा वि को कम्पाउण्डवाल निर्माण कार्य	बि.जे.टि.एम. कन्स्ट्रक्सन एण्ड सप्लायर्स ६१०१०५४२७		५४१०२२	५३१७८०	२	५३९४५९
५०-२०८२/०३/२३	गा पा भरी खानेपानी खरिद गरी जडान कार्य	एलिका कन्सट्रक्सन ६१०७२३४६७		८५९१४२	८४९७३४	१	८०२४९७
५२-२०८२/०३/२३	गल्ली सडकहरुको ढलान कार्य	बनौली इन्जिनियरिङ एण्ड बिल्डर्स प्रा लि ६२१२१८८१७		३०७९८८	३०३५२३	१	२७६५५८
६२-२०८२/०३/२४	गा पा भरी खानेपानी खरिद गरी जडान कार्य			८३९९४६	८२९८४०	१	६२८२५०

जम्मा	७१५१६१६	७०५६०५९		६७१९२९२

३२ **परामर्श सेवा तथा डी. पी. आर. -**

डीपीआर खर्च : बजेट व्यवस्था भई कार्यान्वयन हुने आयोजनाको मात्र गुरुयोजना डी.पी.आर. लगायतको अध्ययत गरी प्रतिवेदन तयार गर्नु पर्दछ । यस कार्यालयले यो बर्ष स्वीकृत बार्षिक कार्यक्रम अनुसार देहायबमोजिमको कार्य परामर्शदाताबाट गराई प्रतिवेदन प्राप्त गरको छ ।

कार्य विवरण	योजना कार्यक्रमको नाम	परामर्शदाता	स्वीकृत लइ भ्याट सहित	सम्झौता रकम भ्याट सहित	खर्च रकम	अध्ययनबाट निर्धारण भएको आयोजनाको लागत
३३-२०८२/०३/१७	बिष्णुपर गा पा खानेपानी वितरणको प्रणालीको डी पी आर	ईशु इन्जिनियरिङ कन्सल्टेन्ट प्रा लि ६०९६२०८५८	१६०९४८२	१५४२४५०	१५४२४५०	६०२६१४६२
३५-२०८२/०३/१७	कटनिया खोलामा पुल निर्माण योजना बिष्णुपुरको डी पी आर वडा न ३	ए वाइ इन्जिनियरिङ कन्सल्टेन्सी प्रा लि ६१०३८९४२९	११४२९७५	१११८७००	१११८७००	५२७२६२१८
५४-२०८२/०३/२४	श्री जनता माध्यामिक गौरीपुरको विद्यालय भवन, छात्रावास, पुस्तकालय भवन निर्माणको लागि विस्तृत आयोजना प्रतवबेदन DPR तयारी	जनकनन्दिनी इन्जिनियरिङ कन्सल्टेन्ट प्रा लि ६०९६२०५३३	१९७१४६५	१९३०६०५	१९३०६०५	५७७६८६७७
			४७२३९२२	४५९१७५५	४५९१७५५	१७०७५६३५७

खरिद नियमावली २०६४ को नियम ११२ को ४ क मा परामर्श सेवा खरिदमा परामर्श दाताले सम्झौता गरेको २० दिन भित्र सम्झौताको कुल रकमको सवै किसिमको जोखिम ब्यहोर्ने गरी सार्वजनिक नियकायलाई निशर्त भुक्तानी हुने पेशागत दायित्व बीमा professional liability insurance गराउनु पर्ने उल्लेख भएको मा त्यस्तो बीमालेख पेश भएको देखिएन।यस सम्बन्धमा देखिएका अन्य ब्यहोरा यस प्रकार छन:

३२.१ **बिष्णुपर गा पा भरी खानेपानी वितरणको प्रणालीको डी.पी.आर. :**

Bill of Quantity को section B मा अन्य खर्च भित्र तपसिलबमोजिम खर्च उल्लेख गरेको देखिन्छ।मुख्य परिश्रमिक खर्च बाहेक सोधभर्ना हुने खर्चको विल पेश गरि सोध भर्ना लिनुपर्नेमा विल पेश नगरी भुक्तानी लिएको प्रमाण पेश गर्नुपर्ने रु. ३२११४६

विवरण	रकम
Transportation of personel	८०२८७
Material Equipment Tools and sevices	४०१४३
Stationery and logistics support	४०१४३
Miscelleneous Including communicatio printing and production	४०१४३
Ps Item like water quality test soil test	१२०४३०
total	३२११४६

प्रमाण पेश नगरेको	३,२१,१४६

३२.२ **कटनिया खोलामा पुल निर्माण योजना बिष्णुपुरको डी पी आर वडा न ३:**

Bill of Quantity को section B मा अन्य खर्च भित्र तपसिलबमोजिम खर्च उल्लेख गरेको देखिन्छ।मुख्य परिश्रमिक खर्च बाहेक सोधभर्ना हुने खर्चको विल पेश गरि सोध भर्ना लिनुपर्नेमा विल पेश नगरी भुक्तानी लिएको प्रमाण पेश गर्नुपर्ने रु.१३५९३७

विवरण	रकम
Transportation of personel	६७९६९
Tools and equipment for Survey drilling	३३९८४
Stationery and logistics support	३३९८४
total	१३५९३७

प्रमाण पेश नगरेको	१,३५,९३७

३२.३ **श्री जनता माध्यामिक गौरीपुरको विद्यालय भवन, छात्रावास, पुस्तकालय भवन निर्माणको लागि DPR तयारी :**

Bill of Quantity को section B मा अन्य खर्च भित्र तपसिलबमोजिम खर्च उल्लेख गरेको देखिन्छ।मुख्य परिश्रमिक खर्च बाहेक सोधभर्ना हुने खर्चको विल पेश गरि सोध भर्ना लिनुपर्नेमा विल पेश नगरी भुक्तानी लिएको प्रमाण पेश गर्नुपर्ने रु. ४५३५००

विवरण	रकम
transportation of equipment to the fieldt	७५०००
preliminary soil investigation in test pit	१६५००
Detail soil Investigation in blre holes	२७००००
SPT Test	६००००
Lab test and reporting	३२०००
total	४५३५००

प्रमाण पेश नगरेको	४,५३,५००

३३ **औषधि खरिद** -

पालिकालाई आवश्यक पर्ने औषधिको आवश्यकता वर्षभरिमा प्राथमिक स्वास्थ्य केन्द्र, स्वास्थ्य चौकी, उप स्वास्थ्य चौकी एवं पटके शिविरमा तथा विशेष कार्यक्रमको लागि सूचीकृत भएका अत्यावश्यक औषधि कार्यालयबाट खरिद भई प्राप्त हुने परिणाम तथा तालुक कार्यालयबाट प्राप्त गरेको औषधिको वार्षिक आवश्यकताको परिणाम विवरण तयार गरी पुल सिस्टमको आधारमा आपूर्ति व्यवस्थापन गर्नु पर्दछ ।पालिकाले विभिन्न बजेट उपशीर्षकबाट फिगो मेडिसिन सप्लायर्सबाट ५१ प्रकारका औषधि तथा औषधिजन्य सामाग्री रु.८०९१७६.०(संघिय चालुतर्फ) को कोटेशनवाट खरिद गरी भुक्तानी दिएको छ।कार्यालयले औषधि खरिद गर्दा आवश्यकता पहिचान तथा औषधिको वार्षिक आवश्यकताको परिणाम र विवरण तयार गरी पुल सिस्टम बजेट रकम र मागको आधारमा खरिद गर्ने गरेको तर आपूर्तिकर्ताबाट हुने औषधि तथा औषधिजन्य सामाग्रीको Expiry date स्टोर दाखिला समय सम्म कम्तिमा १८ महिना देखि २ वर्ष बाँकी हुनु पर्दछ । आपूर्तिकर्ताबाट आपूर्ति भएका औषधि वा अन्य सामानको Manufacture Date , Expiry Date , Batch no, Manufacture Company को नाम रस्टोर दाखिला गर्नु पदर्छ पालिकाले Manufacture Company बहेक अन्य विवरण खुलाई दाखिला गरेको र ७७७९५।० औषधी हस्तान्तरण गरेको उल्लेख गरेतापनि सम्बन्धित स्वास्थ्य संस्थामा रहेको मौज्दात समेत यकिन गरी माग र आवस्यकताको आधारमा औषधि खरिद कार्य व्यवस्थित गर्नु पर्दछ ।

३४ **न्यानो झोला वितरण कार्यक्रम** -

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट जारी गरेको आर्थिक वर्ष २०८१।८२ मा सशर्त अनुदान तर्फ स्थानीय तहबाट सञ्चालन गरिने कार्यक्रमहरुको मार्गदर्शनमा प्रसुतिका आधारमा अनुमान गरी न्यानो झोलाको लागि अस्पतालहरुले सार्वजनिक खरिद ऐन र नियमावली अनुसार तोकिएको स्पेशिफिकेशन अनुसार खरिद गरी सो अनुसार गुणस्तर भए नभएको आधिकारिक तहबाट गुणस्तर परीक्षण गर्नु पर्ने व्यवस्था छ ।यस पालिका अन्तर्गतको स्वास्थ्य चौकी बिष्णुपुर वर्थिङ सेन्टरको लागी यस बर्ष भौचर नं ७७।२०८२।३।१८ मा त्रिवेणी सर्जिकल सप्लायर्स प्रालिवाट१११सेट प्रति सेट रु ७९६।० का दरले रु.९९८४२।० मु. अ. कर समेतमा खरिद गरेको देखिन्छ ।यस वर्षस्वास्थ्य चौकी बिष्णुपुर वर्थिङ सेन्टर१२० जना मात्र प्रसुति भएको बर्थिङ्सेन्टरवाट पेश भएको विवरणवाट देखिन्छ ।गत बर्षको मौज्दात यस बर्षको खरिद तथा बाँकी रहेको अभिलेख तयार नभएकाले मौज्दात एकिन गर्न सकिएन साथै खरिद भएका त्यस्ता झोलाहरु तोकिएको स्पेशिफिकेशन अनुसार गुणस्तर भए नभएको आधिकारिक तहबाट परीक्षण गरेको देखिएन ।तसर्थ विगतको मौज्दात, माग र आवश्यकताको वस्तुनिष्ठ आङ्कलन गरी गुणस्तरीय झोला खरिद गर्नुपर्दछ। आगामी वर्षमा न्यानो झोला खरिद गर्नुपुर्व मौज्दातमा रहेका न्यानो झोला प्रयोग गर्नुपर्दछ।पालिकाले आवश्यकताको पहिचान, मौज्दात यकिन गरी न्यानो झोला खरिद तथा वितरणको व्यवस्थालाई प्रभावकारी बनाउनु पर्दछ।

३५ **शिक्षा तर्फ** -

३५.१

प्राविधिक धारको विद्यालयलाई अनुदान - कार्यक्रम कार्यन्यवन पुस्तिका को क्रियाकलाप नं २.७.१३.५० प्रति विधार्थी लागतका आधारमा सिकाई सामग्री तथा डिजिटल सिकाई सामग्री व्यवस्थाका लागि विधालयलाई अनुदान अन्तर्गत प्राविधिक धार (कक्षा ९-१२) सञ्चालित विधालयलाई प्रति विधार्थी वार्षिक १५ हजार अनुदान दिने व्यवस्था छ। पालिकाले श्री के एस एच एस वि मा वि खजुरी महुवा लाई १०२ जना विद्यार्थीलाई अनुदान निकासा गरेको छ । अनुदान निकासा गर्दा विद्यालयलाई निकासा भएको रकमबाट विद्यालयले आवश्यक सामाग्री खरिद गरि खरिद प्रकृयाका सम्पूर्ण कागजातहरु पालिकामा पेश गर्नुपर्ने तथा सो रकमबाट विद्यार्थीहरुलाई OJT वापतको रकम वितरण गरी प्राविधिकधार संचालन सम्बन्धमा भएको खर्चको विवरण सहितको कागजात पालिकामा पेश गर्नुपर्नेमा पेश गरेको देखिएन । कार्यक्रम कार्यान्वियन पुस्तिकाको व्यवस्था अनुरुप प्रमाण पेश गर्नुपर्ने देखिएको रु.

विद्यालयको नाम	जम्मा विद्यार्थी	निकासा	पाठ्य सामाग्री खरिद	प्रमाण पेश नभएको
जनतामा वि प्राविधिक राजपुर	३०	४५००००	६२२५०	३८७७५०

प्रमाण पेश नगरेको	३,८७,७५०

३५.२ **बुक कर्नर** - बुक कर्नर व्यवस्थापनका लागि प्रत्येक सामुदायिक विद्यालयले बालविकास कक्षा, कक्षा १-५, कक्षा ६-८, कक्षा ९-१० र कक्षा ११-१२ का विद्यार्थी सङ्ख्या EMIS बाट प्राप्त प्रतिवेदनबाट प्राप्त गरी उल्लेखित दरका आधारमा आवश्यक पर्ने रकम यकिन गरी स्थानीय तहमा माग गर्ने । विद्यालयबाट माग भएको रकम तथा तथ्याङ्क सत्यापन/रुजु गरी यकिन विद्यार्थी सङ्ख्या आधारमा उल्लेखित शीर्षक र इकाइ लागत अनुसार रकम हिसाव गरी प्रति विद्यार्थी लागत रकमले गुणन गरी आएको अङ्क बराबरको रकम विद्यालयलाई एकमुष्ठ अनुदान दिने । र सो रकमबाट विद्यालयमा आधारभूत सिकाइ वातावरणको प्रबन्ध गर्न आधारभूत शिक्षा (कक्षा १-५) मा बुक कर्नरको व्यवस्था गर्ने । यसरी बुक कर्नरको व्यवस्था गर्दा पाठ्यक्रम विकास केन्द्रबाट स्वीकृत भएका गणित र पढाइ सीपसँग सम्बन्धित सन्दर्भ सामग्री प्रति कक्षा कम्तीमा १ सेट राख्ने व्यवस्था उल्लेख छ । पालिका अन्तर्गतका देहायका विद्यालयहरुमा बुक कर्नर वापतको रकम निकासा गर्दा निकासा भएको रकमको सदुपयोग भए नभएको सम्बन्धमा पालिकाबाट कुनै अनुगमन गरेको देखिएन । पालिका अन्तर्गतका देहायका विद्यालयहरुले बुक कर्नर वापतको रकम खर्च गरी सोको प्रमाण पालिकामा पेश गरेको देखिएन । बुक कर्नर वापतको रकम खर्च भएको कागजात पालिकामा पेश गर्नुपर्ने देखिएको रु.

विद्यालयको नाम	निकासा	सिकाइसामाग्री खरिद गरी प्रमाण पेश भएको	प्रमाणपेश नभएको
श्रीजनता मा वि गौरीपुर	१३२३००	०	१३२३००
श्रीआ वि रजोखर	३१४००	०	३१४००
श्रीआ वि बिष्णुपुर	२१७००	२१७००	०
श्रीमा वि थल्हाकटहवा	१२९४५०	०	१२९४५०
श्रीआ वि खोरिया	२००५०	०	२००५०
श्रीआ वि हरिनगरा	४२९००	०	४२९००
श्रीआ वि बथानटोल	२३६००	०	२३६००
श्रीआ वि थल्हा	१३९००	०	१३९००
श्रीरामजानकी आ वि लक्ष्मीपुर	३६६००	०	३६६००
श्रीजनता मा वि प्रा राजपपुर	११५०००	०	११५०००
श्रील मा वि लक्ष्मीपुर	७१८००	०	७१८००
श्रीज आ वि राजपुर	२०५५०	०	२०५५०
श्रीशहिद राजेश ठाकुर आ वि बिष्णुपुर	१७८००	०	१७८००
श्रीआ वि अमाहागढिया	२३३५०	२३३५०	०
जम्मारकम रु.	७००४००		६५५३५०

प्रमाण पेश नगरेको	६,५५,३५०

३५.३ **दिवाखाजाको रकम निकासा** - शिक्षा कार्यक्रम कार्यान्वियन पुस्तिका २०८१।०८२ को क्रियाकलाप नं ७.२.१.१ अन्तर्गत सार्वजनिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरुको लागि छात्रवृति शीर्षक अनुसार बालबालिकाको विद्यालय शिक्षामा पहुँच अभिवृद्धि गर्न, गुणस्तर सुधार तथा सिकाई निरन्तरताको लागि छात्रवृति वापतको रकम निकासा दिन सकिने, क्रियाकलाप नं. २.७.११.१ को बुँदा नं घ मा संघिय सरकारबाट शशर्त अनुदानका रुपमा वित्तीय हस्तान्त्रण गर्दा राष्ट्रिय स्तरमा देखिने अनुपस्थित दर, विद्यालय छाड्ने दर लगायतलाई आधार मानी प्रति विद्यार्थी वार्षिक रुपमा १८० दिनका दरले बजेट हिसाब गरि पालिकाले त्रैमासिक रुपमा निकासा छाड्ने र स्थानीय तहले दोस्रो त्रैमासिक देखि विद्यालयमा बजेट निकासा गर्दा भौतिक रुपमा पुरा समय चलेको दिन खाजा वापत रकम निकासा गर्न सकिने पालिकाले विद्यार्थी संख्या एकिन गरी प्रत्येक त्रैमासिकमा निकासा दिँदा उक्त समयअवधि भन्दा अगाडी निकासा गरिएको रकमको सदुपयोग भएको सुनिश्चित गर्नुपर्ने व्यवस्था छ।पालिकाले यस वर्ष ४८ दिन दिवा खाजा संभालन भएको भनी ११ वटा विद्यालयलाई रकम रु.१७२७५०५ निकासा गरेको छ । पालिका अन्तर्गतका विद्यालयहरुले दिवाखाजा कार्यक्रम संचालन गरे/ नगरेको सम्बन्धमा पालिकाबाट कुनै अनुगमन समेत भएको देखिदैन। दिवा खाजाको रकम रकम दुरुपयोग नहुने गरी पालिकाबाट अनुगमन समेतको व्यवस्था मार्फत कार्यक्रम कार्यान्वियन पुस्तिकाको व्यवस्था अनुसार पालिका अन्तर्गतका विद्यालयहरुमा १८० दिन दिवाखाजा कार्यक्रम संचालनको व्यवस्था हुनुपर्दछ ।

भौचर नं	निकासा
६२।०८२।०३।११	१०४५१८५
५२।०८२।०२।११	६८२३२०

विद्यालयको नाम	प्रथमनिकासा	दोस्रो	जम्मानिकासा
श्रीजनता मा वि गौरीपुर	०.००	५००७०.००	५००७०
श्रीआ वि रजोखर	०.००	०.००	०
श्रीआ वि बिष्णुपुर	६५८८०.००	८६७९०.००	१५२६७०
श्रीमा वि थल्हाकटहवा	०.००	०.००	०
श्रीआ वि खोरिया	६७६३५.००	९२११५.००	१५९७५०
श्रीआ वि हरिनगरा	७५०१५.००	१०५४५०.००	१८०४६५
श्रीआ वि बथानटोल	०.००	४६२१५.००	४६२१५
श्रीआ वि थल्हा	६०५८५.००	५७७३५.००	११८३२०
श्रीरामजानकी आ वि लक्ष्मीपुर	१२८५३५.००	१५९५२५.००	२८८०६०
श्रीजनता मा वि प्रा राजपपुर	८७१८०.००	१२६८७०.००	२१४०५०
श्रील मा वि लक्ष्मीपुर	०.००	०.००	०
श्रीज आ वि राजपुर	६६५५५.००	९४४५५.००	१६१०१०
श्रीशहिद राजेश ठाकुर आ वि बिष्णुपुर	०.००	७०६२०.००	७०६२०
श्रीआ वि अमाहागढिया	१३०९३५.००	१५५३४०.००	२८६२७५
जम्मानिकासा रकम	६८२३२०.००	१०४५१८५.००	१७२७५०५

३५.४ **विद्यालयको लेखापरीक्षण** - विद्यालयको लेखापरीक्षण प्रतिवेदनः कार्यक्रम कार्यान्वियन पुस्तिका २०८१/८२ को क्रियाकलाप नं २.७.१३.१० मा विद्यालया सञ्चालन तथा व्यवस्थापन अनुदान अन्तर्गत विद्यालयहरुको लेखापरीक्षण गराउनको लागि आधारभुत तह सञ्चालित विद्यालयलाई रु १०००० र माध्यमिक तह सञ्चालित विद्यालयहरुलाई रु.१५००० अनुदान दिने व्यवस्था छ। पालिका अन्तर्गत सञ्चालित १४ वटा सामुदायिक विद्यालयहरुलाई लेखापरीक्षण बापत रकम निकासा गरेको मा विद्यालयहरुले लेखापरीक्षण गराएको प्रतिबेदन लेखापरीक्षणमा पेश भएन। कार्यक्रम कार्यान्वियन पुस्तिकामा उल्लेखित व्यबस्था अनुसार विद्यालयहरुको आय व्ययको लेखापरीक्षण समयमै गराएर पालिकामा प्रतिवेदन पेश गर्नुपर्दछ।

३५.५ **शिक्षकको अभिलेख तथा तलब भत्ता वितरण** - शिक्षा नियमावली २०५९ को परिच्छेद ३ नियम १६ मा जिल्ला शिक्षा अधिकारीको काम कर्तव्य र अधिकार सम्बन्धमा व्यवस्था छ। जस अन्तर्गत बुदां न (झ) मा शिक्षा सेवा आयोगबाट नियुक्ति वा बढुवाको लागि सिफारीस भई आएका शिक्षकलाई नियुक्ति गर्ने, सामुदायिक तथा सरकारी विद्यालयमा कार्यरत शिक्षकको नोकरी तथा अन्य विवरण अभिलेख

अधावधिक गरी राख्नुपर्ने व्यवस्था रहेको छ।त्यस्तै शिक्षक दरबन्दी (मिलान तथा व्यवस्थापन) कार्यविधि,२०७६ मा स्थानीय तहहरुसँग समन्वय गरी तत् स्थानीय तहमा रहेको खुद रिक्त दरबन्दी, करारमा रहेको शिक्षक, अस्थायी शिक्षक तथा स्थायी शिक्षकहरुको विवरण र सूची आफ्नो अभिलेखसँग भिडाइ यकिन गर्ने (बुदाँ १३) र स्थानीय तहले इकाइसँग समन्वय गरी रिक्त दरबन्दी, करार, राहत र दरबन्दीका शिक्षकको विवरण उपलब्ध गराउनु पर्ने (बुदाँ १२) व्यवस्था छ । पालिकाले शिक्षकको दरबन्दी अभिलेख, काजमा आएका, काजमा गएका, सरुवा भई आएका तथा गएका, सेवा निवृत भएका, विदामा रहेका, नया नियुक्ति भएका, राहत कोटा र दरबन्दीमा कार्यरत शिक्षक सम्बन्धी विवरण, मृतक र अवकाशको विवरण आदिको बारेमा नियमावली र कार्यविधिमा व्यवस्था भए बमोजिमको अद्यावधिक अभिलेख तयार नगरेको हुदा कार्यरत शिक्षकको तलब भत्ता वितरणमा वास्तविक हो भनी एकिन हुन सकिएन। शिक्षकको अभिलेख सम्बन्धमा नियमावली र कार्यविधिमा भएको व्यवस्था कार्यान्वयनतर्फ ध्यान दिनुपर्दछ।

३५.६ **शिक्षकको अभिलेख तथा तलब भत्ता वितरण -** शिक्षा नियमावली २०५९ को परिच्छेद ३ नियम १६ मा जिल्ला शिक्षा अधिकारीको काम कर्तव्य र अधिकार सम्बन्धमा व्यवस्था छ। जस अन्तर्गत बुदां न (झ) मा शिक्षा सेवा आयोगबाट नियुक्ति वा बढ्ुवाको लागि सिफारीस भई आएका शिक्षकलाई नियुक्ति गर्ने, सामुदायिक तथा सरकारी विद्यालयमा कार्यरत शिक्षकको नोकरी तथा अन्य विवरण अभिलेख अधावधिक गरी राख्नुपर्ने व्यवस्था रहेको छ।त्यस्तै शिक्षक दरबन्दी (मिलान तथा व्यवस्थापन) कार्यविधि,२०७६ मा स्थानीय तहहरुसँग समन्वय गरी तत् स्थानीय तहमा रहेको खुद रिक्त दरबन्दी, करारमा रहेको शिक्षक, अस्थायी शिक्षक तथा स्थायी शिक्षकहरुको विवरण र सूची आफ्नो अभिलेखसँग भिडाइ यकिन गर्ने (बुदाँ १३) र स्थानीय तहले इकाइसँग समन्वय गरी रिक्त दरबन्दी, करार, राहत र दरबन्दीका शिक्षकको विवरण उपलब्ध गराउनु पर्ने (बुदाँ १२) व्यवस्था छ । पालिकाले शिक्षकको दरबन्दी अभिलेख, काजमा आएका, काजमा गएका, सरुवा भई आएका तथा गएका, सेवा निवृत भएका, विदामा रहेका, नया नियुक्ति भएका, राहत कोटा र दरबन्दीमा कार्यरत शिक्षक सम्बन्धी विवरण, मृतक र अवकाशको विवरण आदिको बारेमा नियमावली र कार्यविधिमा व्यवस्था भए बमोजिमको अद्यावधिक अभिलेख तयार नगरेको हुदा कार्यरत शिक्षकको तलब भत्ता वितरणमा वास्तविक हो भनी एकिन हुन सकिएन। शिक्षकको अभिलेख सम्बन्धमा नियमावली र कार्यविधिमा भएको व्यवस्था कार्यान्वयनतर्फ ध्यान दिनुपर्दछ।

३५.७ **प्राविधिक धारको विद्यालयलाइ अनुदान** - कार्यक्रम कार्यन्यवन पुस्तिका को क्रियाकलाप नं २.७.१३.५० प्रति विधार्थी लागतका आधारमा सिकाई सामग्री तथा डिजिटल सिकाई सामग्री व्यवस्थाका लागि विधालयलाई अनुदान अन्तर्गत प्राविधिक धार (कक्षा ९-१२) सञ्चालित विधालयलाई प्रति विधार्थी वार्षिक १५ हजार अनुदान दिने व्यवस्था छ। पालिकाले श्री के एस एच एस वि मा वि खजुरी महुवा लाई ३३ जना विद्यार्थीलाई अनुदान निकासा गरेको छ । लेखापरीक्षणको क्रममा पेश भएको विवरण अनुसार श्री जनता मा वि प्राविधिक राजपुरमा ३२ जना मात्र विद्यार्थी भर्ना भएको र सो मध्ये २ जना विद्यार्थी सामान्य विषय तर्फ सिफ्ट भएको विवरण पालिकाले लेखापरीक्षणको क्रममा पेश गरेको देखिएकोले विद्यार्थी संख्या भन्दा बढी संख्यामा निकासा भएको रकम सम्बन्धित विद्यालयबाट असूल गर्नुपर्ने देखिएको रु.

कक्षा	विद्यार्थीसंख्या	निकासाहुनुपर्ने	भएकोनिकासा	बढीनिकासा
९	२०	३०००००	३१५०००	१५०००
१०	१२	१८००००	१८००००	

कक्षा	भर्ना	हाजिरी	साधारणमा सिफ्ट भएको	बढी निकासा
९	२०	१८	२	३००००

असुल गर्नुपर्ने	४५,०००

३५.८

पाठ्य पुस्तक अनुदान - पाठ्यपुस्तक अनुदान, कार्यक्रम कार्यन्वयन पुस्तिका २०८१।०८२ को क्रियाकलाप न.२.४.६.१ मासामुदायिक विद्यालयहरुमा अध्ययनरत विद्यार्थीहरुको लागि निःशुल्क पाठ्यपुस्तकको लागि विद्यालयहरुलाई अनुदान उपलब्ध गराउदा पहिलों किस्तामा ७५% अनुदान मात्र उपलब्ध गराउने र दोस्रो किस्तामा आवस्यकता अनुसार २५% दिन सकिने व्यवस्था छ। पालिकाले पहिलो किस्ताको रकम बाट विद्यालयले पाठयपुस्तक खरिद गरी विद्यार्थीहरूलाई बाँडेको प्रमाण तथा कागजात पालिकामा पेश गरी नपुग भएका विद्यालयहरुले माग गरेको अवस्थामा दोस्रो निकासा दिँदा विद्यालयहरुले पालिकामा पेश गरेको पाठ्यपुस्तक भरपाइ भन्दा बढी रकम निकासा गरेको देखिएन । विद्यालयरुलाइ पाठ्यपुस्तक निकासाको रकमबाट विद्यार्थीहरुलाई पाठ्यपुस्तक भए/नभएको सम्बन्धमा पालिकाबाट अनुगमन भएको देखिएन । पालिकाले अनुगमन गरी प्रतिवेदन तयार गरेको नदेखिएकोले विद्यालयहरुले भरपाई पेश गरेको भएतापनि पाठ्यपुस्तक वापतको रकम सदुपयोग भए/नभएको समबन्धमा यकिन हुन सकिएन । पालिकाले अनुगमन समेत गरी पाठ्यपुस्तक वितरणको सुनिश्चितता मार्फत शैक्षिक सुदृढीकरण गर्नुपर्छ ।

पाठ्यपुस्तक वापत भएको निकासा

विद्यालयको नाम	**प्रथमनिकासा**	**दोस्रो**	**जम्मानिकासा**	**भरपाइपेश**
श्रीजनता मा वि गौरीपुर	३१७८४०.६०	३५००८.७०	३५२८४९	४२३७७७
श्रीआ वि रजोखर	५८५९२.८५	२५२९८.३५	८३८९१	८४७१२
श्रीआ वि बिष्णुपुर	३८४०७.५०	२३५१५.७०	६१९२३	६२०५७
श्रीमा वि थल्हाकटहवा	३३३७४१.८२	६१७११.२७	३९५४५३	४१२०६५
श्रीआ वि खोरिया	२८६८३.१५	४३११३.६५	७१७९७	७२३०३
श्रीआ वि हरिनगरा	११५३२५.७०	४२४७३.६०	१५७७९९	१५८११६
श्रीआ वि बथानटोल	४५६४९.६५	३३३०४.१५	७८९५४	७७०१९
श्रीआ वि थल्हा	२३१४२.६०	१५९.००	२३३०२	२४३४३
श्रीरामजानकी आ वि लक्ष्मीपुर	६२७६७.८०	२७२७९.००	९००४७	९००११
श्रीजनता मा वि प्रा राजपपुर	२८१२०१.१३	३०११३.१८	३११३१४	३३२३०६
श्रील मा वि लक्ष्मीपुर	१८९३३८.८५	१५२६७२.५५	३४२०११	३५३०४०
श्रीज आ वि राजपुर	२९२६७.७०	१५१८२.७०	४४४५०	६५५२७
श्रीशहिद राजेश ठाकुर आ वि बिष्णुपुर	२१८०८.८०	१६०६३.८०	३७८७३	४१०३६
श्रीआ वि अमाहागढिया	३३९५४.००	६१३१५.२०	९५२६९	१५६५८४
जम्मानिकासा रकम	१५७९७२२.१५	५६७२१०.८५	२१४६९३३	
जम्मा निकासा				

३५.९

शैक्षिक गुणस्तर - सामूदायिक विद्यालयको शैक्षिक गुणस्तर सुधारको नीति तथा कार्यक्रम, २०७५ अनुसार सामूदायिक विद्यालयको शैक्षिक गुणस्तर सुधार नीति तथा कार्यक्रम कार्यान्वयन गर्दा स्थानीय सरकारको अग्रणी भूमिका हुने व्यवस्था अनुरुप सामूदायिक विद्यालयको शैक्षिक गुणस्तर सुधार मार्फत नागरिकको छनौटको विद्यालयको रुपमा विकास गरी समाजमा सामूदायिक विद्यालयको ख्याति स्थापित गर्न स्थानीय तहले बाल विकास केन्द्रहरूको पुनर्वितरण तथा सञ्चालनमा सुधार, पाठ्यक्रम तथा पाठ्यसामग्रीमा समसामयिक सुधार, प्रधानाध्यापकहरूको व्यवस्थापकीय एवम् नेतृत्व क्षमता बढाउने, शिक्षक छनौट प्रक्रियामा सुधार, शिक्षक तालिम तथा पेसागत विकासलाई सुदृढीकरण, शिक्षक प्रशंशा तथा प्रोत्साहनको व्यवस्था गरी उत्प्रेरणा अभिवृद्धि, शिक्षकको वृत्ति विकास प्रणालीमा परिवर्तन, विद्यार्थी मूल्यांकन प्रणालीमा सुधार, विद्यालय र नागरिकबीच सुमधुर सम्बन्ध, सहयोग र सहकार्य तथा प्राविधिक तथा व्यावसायिक शिक्षामा सुधार जस्ता कुराहरुलाई समेटि शैक्षिक गुणस्तर मापन मापदण्ड तयार गरी लागु गर्नुपर्नेमा सो सम्बन्धी कुनै पनि कार्य गरेको देखिएन। यसमा सुधारका लागि पालिकाको ध्यान जानु पर्दछ। साथै सामुदायिक विद्यालयहरुको शैक्षिक गुणस्तर स्थितिको नियमित रुपमा अनुगमन गरी सोको एक प्रति प्रतिबेदन शिक्षा तथा मानवस्रोत केन्द्र पठाउने र सोको कार्यान्वयन गरी विद्यालयमा शैक्षिक गुणस्तर सुधार गर्नेपर्ने ब्यवस्था छ। यस पालिकाले आ.वा.२०८१।८२ मा विद्यालयको शैक्षिक गुणस्तर बारे अनुगमन गरेको प्रतिवेदन पालिकासँग देखिएन। अतः पालिकाले आफनो अन्तर्गतका बिद्यालयहरुको शैक्षिक गुणस्तर सुधार गर्नुपर्दछ ।

३५.१० **शिक्षक दरबन्दी र पदपूर्ति** - स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरुमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ । यस स्थानीय तह अन्तर्गत सामुदायिक विद्यालयहरुको शिक्षक दरवन्दी र पदपूर्तिको अवस्था एवं विद्यार्थीको संख्या निम्नानुसार रहेको देखिन्छ। पालिकाले प्रतिविद्यार्थी शिक्षक अनुपातको अवस्था अनुसार शिक्षकहरुको दरबन्दी मिलान तथा शिक्षक व्यवस्थापन गरी शैक्षिक सुधार गर्नुपर्दछ ।

सि नं	विद्यालयको नाम	दरबन्दी	अस्थायी	राहत	करार	पदपूर्ती	बिद्यार्थी संख्या	शिक्षक विद्यार्थी अनुपात
१	श्री जनतामा वि गौरीपुर	८	४	४	४	१२	६७२	५६
२	श्री आ विरजोखर	३	१	०	१	४	१४७	३७
३	श्री आ विबिष्णुपुर	२	१	१	१	३	१२१	४०
४	श्री मा विथल्हाकटहवा	७	२	०	१	८	९१३	११४
५	श्री आ विखोरिया	३	१	१	१	४	११४	२९
६	श्री आ विहरिनगरा	४	०	३	०	३	२६०	८७
७	श्री आ विबथानटोल	३	०	३	०	३	१८१	६०
८	श्री आ विथल्हा	१	१	०	१	२	९९	५०
९	श्रीरामजानकी आ वि लक्ष्मीपुर	३	०	३	०	३	२८६	९५
१०	श्री जनतामा वि प्रा राजपपुर	१	२	२	२	२	१३४	६७
११	श्री ल मावि लक्ष्मीपुर	१२	२	०	२	१२	३६८	३१
१२	श्री ज आवि राजपुर	१	२	२	२	२	१३४	६७
१३	श्री शहिदराजेश ठाकुर आ वि बिष्णुपुर	१	०	०	०	१	७३	७३
१४	श्री आ विअमाहागढिया	२	१	२	०	२	१८१	९१

३५.११ **सामुदायकि सिकाइ केन्द्र** - आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ (१०) अनुसार कुनै रकमको भुक्तानी दिँदा रित पुगे वा नपुगेको जाँच गर्नु पर्नेछ । खर्च भएको सबै रसिद बिल भरपाईहरुमा सिलसिलेबार नम्बर कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्ने व्यवस्था छ । साथै, पालिकाको शसर्त चालू अनुदान अन्तर्गत कार्यक्रम कार्यन्वन पुस्तिका २०८१।०८२ को क्रियाकलाप नं ७.२.१३.११. शैक्षिक पहुँच सुनिश्चितता अनौपचारिक तथा वैकल्पिक शिक्षक कार्यक्रम अन्तर्गत शीर्षक नं २२५२२ बाट सामुदायिक सिकाइ केन्द्र संचालन अनुदान रकम निकासा भएकोमा तपशिलमा उल्लेखित सिकाई केन्द्रलाई निकासा भएको रकम खर्च भएको सम्बन्धमा सामुदायिक सिकाइ केन्द्रले सोको बिल, भरपाइ प्रमाण तथा कागजात पालिकामा पेश भएको देखिएन । कार्यविधिको व्यवस्थाबमोजिम निकासा भएको रकमबाट खर्च भएको पुष्टि हुने कागजात हरु पालिकामा पेश हुनुपर्दछ ।

रारा सामुदायिक सिकाइ केन्द्र	१३००००
सगरमाथासिकाइ केन्द्र	१३००००

३६ **सामाजिक सुरक्षातर्फ -**

३६.१

लगत कट्टा - सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को बुदाँ नं ११ बमोजिम स्थानीय तहको अभिलेखबाट नाम हटाउनुपर्नेमा कुनै लाभग्राहीको मृत्यु भएमा, एकल महिलाले विवाह गरेमा, बालबालिकाको उमेर ५ वर्ष पुगेमा, बैंकबाट वितरण भएकोमा लगातार १ बर्ष सम्म खाता निष्क्रीय भएमा, सामाजिक सुरक्षा भत्ता पाउने ब्यक्ति बसाई सरी अन्यत्र गएमा र अयोग्य ब्यक्ति भत्ता प्राप्त गरेको प्रमाणित भएमा स्थानीय तहको वडा कार्यालयमा ३५ दिनभित्र घटना दर्ता गराएमा वा कुनै लाभग्राहीले घटना दर्ता नगराएको अवस्थामा स्थानीय तहका वडा अध्यक्ष, वडा सदस्य वा वडा सचिव वा कार्यरत कर्मचारीले घटना भएको जानकारी पाएमा सत्य तथ्य बुझी वडा कार्यालयबाट लगत कट्टा गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले आर्थिक वर्ष २०८१।८२ मा लाभग्राहीको समयमै लगत कट्टा नगरेकोले बढि भुक्तानी भएको रकम यकिन गरी फिर्ता गर्नुपर्दछ । केही उदाहरण देहायबमोजिम रहेको छ ।

क्र.सं.	नाम	परिचय नं.	मृत्यु भएको मिति	लगत कट्टा गरेको मिति
१	गुलेवीया चमार	२०१३१२३१२०२९८	२०८१-११-०३	२०८२-०३-११
२	बलदेव मण्डल	१९९६१२३१८८३७५	२०८१-०९-०५	२०८२-०३-०८
३	अनारवती तत्मा	१९९७०८०२०१३१८	२०८१-१०-०१	२०८२-०३-११
४	मुसहरु साहु	२००५०५०२०२९२५	२०८१-०६-०७	२०८१-०९-१४
५	लक्ष्मी यादव	२००४०३३००७३०३	२०८१-०८-१८	२०८२-०३-११
६	किसनी मल्लाह	१९९५१००७०१४५७	२०८१-०५-२३	२०८१-१२-११
७	राम कुमारी सदा	२०१८०५०१०२९२३	२०८१-०४-१०	२०८१-०९-१४

३६.२ निष्कृय खाता - सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ को दफा १२ मा मृत्यू भएमा, बसाइँ सरी गएमा, एकल वा विद्यवा महिलाले विवाह गरेमा, बालबालिकाको हकमा पाँच बर्ष पूरा भएमा, नवीकरण नगरेमा, एक आर्थिक बर्षको कुनै पनि किस्ता रकम नबुझेमा वा बैंक मार्फत वितरण भएकोमा लगातार एक बर्षसम्म खाता निष्कृय भएमा वा अयोग्य व्यक्तिले भत्ता प्राप्त गरेको प्रमाणित भएमा त्यस्ता लाभग्राहीको नाम सम्बन्धित स्थानीय तहको मूल अभिलेखबाट कट्टा गर्नुपर्ने तथा लगत कट्टा गरिएको व्यहोरा अभिलेखमा स्पष्ट जनाई सम्बन्धित स्थानीय तहको वडाका सचिब वा निजले तोकेको जिम्मेवार पदाधिकारीले प्रमाणीत गर्नुपर्ने व्यवस्था छ । निष्कृय खाताको विवरण वैक तथा गाउँपालिकाले लेखापरीक्षणको क्रममा पेश नगरेकोले निष्कृय खाताको विवरण र उक्त खातामा रहेको रकम एकिन हुन सकिएन । अत पालिकाले निष्कृय खाताको विवरण र रकमको Statement बैंकबाट माग गरेर भिडान गरी फिर्ता गर्नुपर्ने रकम एकिन गर्नुपर्दछ ।

३६.३ पारदर्शिता - सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को बुदाँ ३२ बमोजिम स्थानीय तहले लाग्राहीको नाम दर्ता तथा नवीकरण प्रकृया, भत्ताको दर, प्राप्त हुने बैंक, लाभग्राहीले पूरा गर्नुपर्ने प्रकृया सम्बन्धी स्थानीय सामाजिक संघसंस्था तथा गैर सरकारी संस्थाको सहयोग लिएर अनिवार्य रुपमा प्रचार प्रसार गर्ने र सो सम्बन्धी सूचना स्थानीय एफ.एम. लगायत संचार माध्यमहरुबाट प्रचार प्रसार गर्ने र भत्ता प्राप्त गर्ने लाभग्राहीहरुको नाम नामावली स्थानीयतहले आफ्नो वेभसाईटमा राख्ने व्यवस्था छ। यसवर्ष पालिकाले सो बमोजिम कार्य गरेको देखिएन।

३६.४ **सामाजिक सुरक्षा भत्ता वितरण** - सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को परिच्छेद ५ मा सामाजिक सुरक्षा भत्ता वितरण बैङ्कमार्फत गर्नुपर्ने व्यवस्था छ। कार्यविधिको बुदाँ नं २६ मा कुनै आर्थिक वर्षमा सामाजिक सुरक्षा कार्यक्रमका लागि निकासा भएको रकम सो आर्थिक वर्षमा खर्च नभए संघीय सञ्चित कोषमा फिर्ता गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस बर्ष नेपाल इन्भेष्टमेन्ट मेगा बैंकबाट ५ वडाको लागि यस बर्ष रु. ९४२३२५४५।- निकासा खर्च लेखेको छ । सामाजिक सुरक्षाभत्ता वितरण गरी बाँकी रकम जम्मा रु.१७३७९४.८६।- फिर्ता भई संघिय सञ्चितकोषमा दाखिला भएको छ ।

अनुसूचीहरू

अनुसूची - १

आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०८१/८२

कार्यालय र स्थान : बिष्णुपुर गाउँपालिका, सिराहा , विष्णुपुर गाउँपालिका , सिराहा

पद	नाम	कार्यकाल सुरु मिति	कार्यकाल समाप्त मिति
कार्यालय प्रमुख	दिप कुमार यादव	२०८१-३-९	हाल सम्म कार्यरत
लेखा प्रमुख	राम सुफल साह	२०८०-१०-३	हाल सम्म कार्यरत

बेरुजु वर्गीकरण:

असूल गर्नुपर्ने	अनियमित भएको	प्रमाणका कागजात पेश नभएको	जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा पेश्की
१०,३४१,२३०.९६	३,७३२,९४८	२३,००५,३४३	०	०	१,८९०,०००
प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.					३८,९६९,५२१.९६
प्रारम्भिक प्रतिवेदन उपर फछ्यौंट गरी संपरीक्षण भएको रकम रु.					६९८,१८०
संपरीक्षणबाट थप भएको बेरुजू रु.					०
लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.					३८,२७१,३४१.९६

स्थानीय तह :

गत बर्षको जिम्मेवारी		१०९६८८११४.८१	
आम्दानी		खर्च	
संघीय सरकारबाट अनुदान	१७७९५५९८८.९९	चालु खर्च	१९५२३१३३५.६१
प्रदेश सरकारबाट अनुदान	१३७१००००	पूँजीगत खर्च	१००९१६७०९.७९
राजश्व बाँडफाँट	६२६३५३०५.१८	वित्तीय/अन्य व्यवस्था	९३९३००.०
आन्तरिक आय	३७४५३२५.३१		
अन्य आय	९७१८७५३.७७		
कुल आय	२६७७६५३७३.२५	कुल खर्च	२९७०८७३४५.४०
बाँकी मौज्दात		८०३६६१४२.६६	

अनुसूची - २

बेरूजु दफा २.१ सँग सम्बन्धित विवरण - अनुसूची - ३

प्राप्ति र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन (बजेट र गैरबजेट निकाय)								
क्र.स./ आर्थिक सङ्केत	विवरण	टिप्पणी नं	चालु आ.ब.को कारोबार			गत आ.ब. को कारोबार		
			नगद	तेस्रो पक्ष भुक्तानी (सोझै भुक्तानी)	जम्मा	नगद	तेस्रो पक्ष भुक्तानी (सोझै भुक्तानी)	जम्मा
	राजस्व अनुदान र अन्य प्राप्ति							
११०००	कर		६३८६८४४९.५७	०	६३८६८४४९.५७	५६७३५५७४.२८	०	५६७३५५७४.२८
१३०००	अनुदान		१९१६६५९८८.९९	०	१९१६६५९८८.९९	२१४०९५०००.	०	२१४०९५०००.
१४०००	अन्य राजस्व		२२९१६८०.९२	०	२२९१६८०.९२	६०८९०९.९२	०	६०८९०९.९२
१५०००	विविध प्राप्ति		२२०५००.	०	२२०५००.	४६३६७२.	०	४६३६७२.
क	कुल जम्मा प्राप्ति		२५८०४६६१९.४८		२५८०४६६१९.४८	२७१९०३१५६.२		२७१९०३१५६.२
३	चालु		१९५२३१३३५.६१	०	१९५२३१३३५.६१	२०६६४८५६२.३८	०	२०६६४८५६२.३८
२१०००	पारिश्रमिक / सुविधा		९२४६३२०५.३५	०	९२४६३२०५.३५	९५९३१०३८.६९	०	९५९३१०३८.६९
२२०००	मालसामान तथा सेवाको उपयोग		५४७३६७७२.८७	०	५४७३६७७२.८७	४६८२०३०७.११	०	४६८२०३०७.११
२५०००	सहायता (Subsidy)		५०६४७३.	०	५०६४७३.	२१७९९५३.	०	२१७९९५३.
२६०००	अनुदान		०	०	०	१५००००.	०	१५००००.
२७०००	सामाजिक सुरक्षा		२८०८४२६.	०	२८०८४२६.	३४७२१८७.	०	३४७२१८७.
२८०००	अन्य खर्च		४४७१६४५८.३९	०	४४७१६४५८.३९	५८०९५०७६.५८	०	५८०९५०७६.५८
४	पूंजीगत		१००९१६७०९.७९	०	१००९१६७०९.७९	६८३६६३०१.२९	०	६८३६६३०१.२९
३१११०	भवन तथा संरचना		०	०	०	२१५५८४.	०	२१५५८४.
३११२०	सवारी साधन मेशिनरी औजार फर्निचर्स तथा फिक्चर्स		२१८६९१०.	०	२१८६९१०.	३४५९७२१.	०	३४५९७२१.
३११५०	सार्वजनिक निर्माण		९४७२८४८३.७९	०	९४७२८४८३.७९	६४२०७९९६.२९	०	६४२०७९९६.२९
३११६०	निर्मितसरचनाको सुधार खर्च		०	०	०	४८३०००.	०	४८३०००.

३११७०	पूँजीगत सुधार खर्च		४००१३१६.	०	४००१३१६.	०	०	०
ख)	कुल जम्मा भुक्तानी		२९६१४८०४५.४		२९६१४८०४५.४	२७५०१४८६३.६७		२७५०१४८६३.६७
ग)	बचत /कमी (ग = क-ख)		(३८१०१४२५.९२)		(३८१०१४२५.९२)	(३१११७०७.४७)		(३१११७०७.४७)
घ)	धरौटी आकस्मिक कोष लगायतका अन्य कोषको मौज्दातको थप/घट (+/-)		८७७९४५३.७७		८७७९४५३.७७	(७२,१५०.००)		(७२,१५०.००)
घ.१)	कट्टी रकम भुक्तानी/दाखिला गर्न बाकी		(३१०७८७७.९६)		(३१०७८७७.९६)			
ङ)	यस आ.ब.को नगद तथा बैंक मौज्दात (बचत /(कमी)) (ङ = ग+घ)		(२९३२१९७२.१५)		(२९३२१९७२.१५)	(३१८३८५७.४७)		(३१८३८५७.४७)
च)	गत आ.व.को नगद तथा बैंक मौज्दात		१०९६८८११४.८१		१०९६८८११४.८१	११२८७१९७२.२८		११२८७१९७२.२८
छ)	विनिमय नाफा/घाटा तथा अन्य समायोजन							
ज)	आ.व. अन्तको बाँकी नगद तथा बैंक मौज्दात (ज= ङ+च+छ)		८०३६६१४२.६६		८०३६६१४२.६६	१०९६८८११४.८१		१०९६८८११४.८१

बेरूजु दफा २३ सँग सम्बन्धित विवरण - अनुसूची -४

भौचर नं	भुक्तानीपाउने	भुक्तानीरकम	संञ्चालितकार्यक्रम	खर्चशीर्षक	नम्स	भुक्तानी	बढी	सेसन/ पटक	दिन	बढीभुक्तानी
३७५। ०८२। ०३। २४	नेपाल सामुदायिक विकास केन्द्र	४९४७५०	महिलाहरुलाइसेनीटरी प्याड बनाउने तालिम	प्रतिवेदन	२०००	५०००	३०००	१		३०००
				सहजकर्ता	८००	१८००	१०००	१०		१००००
३८५। ०८२। ०३। २५	सामाजिक सेवा केन्द्र	३९५२१७	हाउसवायरिङ तथा पंखा मोटर मर्मत कार्यक्रम	प्रशिक्षक भत्ता	८००	१०००	२०००	२८		५६००
				प्रशिक्षक भत्ता	६००	८००	२००	२८		५६००
				मसलन्द	१५०	३००	१४०	४० जना		६०००
				प्रतिवेदन	२०००	७६९२	५६९२	१		५६९२
३८२। ०८२। ०३। २५	स्थानीय विकास तथा प्रशिक्षण तथा परामर्स सेवा केन्द्र	४८५०००	महिलाशसक्तिकरण सम्बन्धि तालिम	प्रशिक्षक भत्ता	८००	२०००	१२००	३		३६००
				प्रशिक्षक भत्ता	१८००	३०००	१२००	४		४८००
३८४। ०८२। ०३। २५	सामुदायिक विकास केन्द्र	४९७३००	बाल विकासकेन्द्रहरुको लागि सिकाइ सामाग्री निर्माण	सहभागीहरुलाइ स्टेशनरी	१५०	५००	१५०	१००		१५०००
				सहभागीहरुलाइ खाना	३००	४५०	१५०	१००		१५०००
				प्रतिवेदन	२०००	३०००	१०००	१		१०००
३७८। ०८२। ०३। २५	समाज विकास केन्द्र नेपाल	४८४३७५	छुवाछुतसम्बन्धि जनचेतनामूलक सडक नाटक	प्रतिवेदन	२०००	४५००	२५००	१	१	२५००
३७७। ०८२।	जन समाज विकास परिषद	४८४९३९	लागू औषधसम्बन्धि जनचेतना मूलक	प्रतिवेदन	२०००	४२००	२२००	१	१	२२००

०३। २५	नेपाल		कार्यक्रम								
३७६। ०८२। ०३। २५	समाज कल्याण मिडिया हाउस प्रालि	४८८३०१	बाल बिबाहविरुद्ध जनचेतनामुलक कार्यक्रम	प्रतिवेदन	२०००	४५००	४५००	१	१		२५००
जम्मा रकम रु.											८२४९२

सुझाव

स्थानीय तहहरूद्धारा प्रदान गरिने सेवालाई छिटो, सरल, सुलभ र गुणस्तरीय बनाई स्थानीय जनताको जीवनस्तरमा सुधार ल्याउन यस स्थानीय तहले कानुन तथा नीति निर्माण, साधन स्रोतको प्रभावकारी परिचालन, विकास प्रशासन, राजस्व परिचालन, नियमित सेवा प्रवाह, आर्थिक प्रशासन लगायतका विषयमा तपसिल अनुसारका सुधार गर्नुपर्दछः

- वित्तीय हस्तान्तरण र राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम सम्बन्धित मार्गदर्शनमा तोकिएबमोजिम विनियोजनमा कुशलता, कार्यान्वयनमा दक्षता र अपेक्षित नतिजा प्राप्त हुने गरी बजेट विनियोजन गरी समयमै पारित गर्नुपर्दछ।
- आन्तरिक आयका क्षेत्रहरू पहिचान गरी आन्तरिक आय वृद्धि गर्नुपर्दछ। कार्ययोजना तयार गरी विगतका आय बक्यौता असुल गर्ने व्यवस्था गर्नुपर्दछ।
- नेपालको संविधानको धारा ५९ को उपधारा ७ मा सङ्घ, प्रदेश र स्थानीय तहको बजेट घाटा व्यवस्थापन तथा अन्य वित्तीय अनुशासन सम्बन्धी व्यवस्था संघीय कानुन बमोजिम हुने उल्लेख भएकोमा कतिपय प्रदेश र स्थानीय तहले यस सम्बन्धी कानुन निर्माण गर्दा संघीय कानुनसँग सामाञ्जस्यता कायम नगरेकोले यसमा सुधार हुनुपर्दछ ।
- स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको सुविधा सम्बन्धी ऐन अनुसार मात्र पदाधिकारीलाई तोकिएको सुविधा व्यवस्था गर्नुपर्दछ। निर्वाचित हुने पद बाहेक राज्यकोषबाट तलव सुविधा बेहोर्ने गरी नियुक्त हुने सबै पदमा योग्यता र मापदण्ड तोकिनुपर्दछ ।
- स्थानिय सेवा ऐन र नियम अनुसार सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा सङ्गठन संरचना निर्माण गरी स्थायी पद सिर्जना, पद दर्ता र पदपूर्ति गरी कर्मचारी व्यवस्थापन गर्नुपर्दछ।
- भौगोलिक अवस्था, स्रोतको उपलब्धता, सेवा प्रवाहको अवस्थासमेतका आधारमा कानुन बमोजिम जनशक्ति व्यवस्थापन गर्नुपर्दछ । पदाधिकारी तथा कर्मचारीहरूको क्षमता विकास गरी कार्यसम्पादनमा प्रभावकारिता ल्याउन प्रशिक्षण तथा तालिमको व्यवस्था गर्नुपर्दछ।
- अनुदान दिने विषय, क्षेत्र, वर्ग, समूहबारे कानुनबाट नै स्पष्ट गरी अन्तिम प्रयोगकर्तालाई प्रत्यक्ष फाइदा पुग्ने तथा उत्पादन र उत्पादकत्वमा वृद्धि हुने गरी अनुदान प्रदान गर्नुपर्दछ । अति विपन्न र न्यून आय वर्गलाई सेवामा पहुँच दिन प्रदान गरिने सुविधा सोही वर्गमा पुगेको सुनिश्चित गर्न सो प्राप्त गर्नेको विवरण सार्वजनिकीकरण गर्नुपर्दछ ।
- व्यावसायिक प्रकृतिको संस्थाहरूलाई पुँजीगत अनुदान प्रदान गर्दा लाभग्राहीले प्राप्त गर्ने लाभको सुनिश्चितता हुनुपर्दछ । यस्ता संस्थाहरु विघटन भएमा बाँकी सम्पत्ति लगानीको अनुपातमा फिर्ता हुने सुनिश्चितता हुन पर्दछ। यस्तो निर्माण व्यक्तिगत स्वामित्व रहेको जग्गा वा सम्पत्तिमा गरिनु हुँदैन ।
- एउटै प्रकृतिको काममा समेत लागत अनुमान टुक्र्याई सोझै खरिद गर्ने, पूर्वानुमान गर्न सकिने अवस्थामा पनि लागत अनुमान यथार्थपरक तवरले तयार नगरी भेरिएसनबाट थप कार्य गराउने प्रवृत्तिमा नियन्त्रण गर्नुपर्दछ।
- खरिद सम्झौताको निर्धारित समयमा ठेक्काको काम सम्पन्न गर्नुपर्दछ। म्याद थप कार्यलाई वस्तुनिष्ठ र तथ्यमा आधारित बनाउनुपर्दछ। निर्माण व्यवसायी वा उपभोक्ताबाट भएको निर्माण कार्यको विस्तृत विवरण देखिने गरी तोकिएको ढाँचामा अभिलेख राख्नुपर्दछ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८(५) बमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन सार्वजनिक तथा सामाजिक परीक्षण र सार्वजनिक सुनुवाइ गर्नुपर्दछ।
- स्थानीय तहले आन्तरिक आयको परिधिभित्र रही मापदण्डका आधारमा आर्थिक सहायता वितरण गरी प्राप्त गर्नेको नाम सार्वजनिक गर्नुपर्दछ। त्यसैगरी अनुत्पादक र वितरणमुखी कार्यक्रममा गरिने खर्च घटाउनुपर्दछ।
- आधारभूत तथा माध्यमिक तहका विद्यालयहरूमा प्रचलित नियमले तोकेअनुसार शिक्षक विद्यार्थी अनुपातको आधारमा शिक्षक संख्या कायम गरी बढी भएका शिक्षकहरू समायोजन गर्नुपर्दछ।
- एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणालीमा रहेका विद्यार्थी संख्याको आधारमा दिवा खाजा, छात्रवृत्ति, पाठ्यपुस्तक र अन्य अनुदान रकम विद्यालयलाई निकासा दिनुपर्दछ ।
- बजेट तर्जुमा पूर्व नै अनुमान गर्न सकिने शीर्षकमा समेत अर्थ विविध वा अबण्डामा बजेट राख्ने र वर्षान्तमा रकमान्तर गरी खर्च गर्ने परिपाटी नियन्त्रण गर्नुपर्दछ।

- पूर्व तयारीका कार्य सम्पन्न भएका आयोजनामा मात्र बजेट विनियोजन गर्नुपर्दछ। स्रोतको सुनिश्चितताबेगरका कार्यक्रम/आयोजनामा आगामी वर्षको लागि दायित्व सिर्जना गरी भुक्तानी बाँकी राख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।
- कार्यालय तथा अस्पताल भवन, सडक, सिँचाइ, खानेपानी जस्ता आयोजनाहरू कार्यान्वयन गर्दा स्पेसिफिकेशनले तोकेको संख्यामा निर्माण सामग्रीहरूको गुणस्तर परीक्षण गराउनुपर्दछ। साथै रनिङ्ग बिलसाथ गुणस्तर परीक्षण प्रतिवेदन संलग्न गरेर भुक्तानी दिनुपर्दछ।
- उपभोक्ता समितिबाट काम गराउँदा खरिद सम्झौतामा तोकिए बमोजिमको जनसहभागिताको अंश समितिबाट व्यहोर्ने गरी सम्झौता गरेकोमा कतिपय काममा सो अंश व्यहोरेको यकिन नगरी भुक्तानी दिएकोले सम्बन्धित कर्मचारीलाई जवाफदेही बनाउनुपर्दछ ।
- जटिल प्रविधि तथा उपकरणको प्रयोग हुने निर्माण कार्य र सामग्री खरिद गर्ने कार्य समेत उपभोक्ता समितिबाट गराएकोले सोमा नियन्त्रण हुनुपर्दछ ।
- कृषि, पशु, सहकारी संस्था लगायतलाई विभिन्न प्रयोजनमा अनुदान उपलब्ध गराउँदा किसानको सूचीकरण, वर्गीकरण, परिचयपत्रको व्यवस्था गरी तीनै तहको समन्वयमा दोहोरो नपर्ने व्यवस्था गर्दै एकीकृत विद्युतीय अभिलेख राखी वितरण गर्नुपर्दछ। नाफामूलक संस्थालाई अनुदान वितरण गर्नु हुँदैन।
- सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (कोपोमिस) तथा विद्यमान सहकारी ऐन तथा नियमको आधारमा सहकारी संस्थाहरूको सुपरिवेक्षण गरी उक्त ऐन नियम अनुसार सञ्चालन भए नभएको सुनिश्चित गर्नुपर्दछ।
- आन्तरिक नियन्त्रण प्रणाली कार्यविधि तयार गरी कार्यसम्पादनलाई मितव्ययी, पारदर्शी र व्यवस्थित गर्नुपर्दछ। अन्तिम लेखापरीक्षण अगावै आन्तरिक लेखापरीक्षण सम्पन्न गरी सोबाट देखिएका बेहोरा जिम्मेवार व्यक्तिले फर्स्यौट गर्नुपर्दछ।
- वित्तीय अनुशासन कायम गर्न लेखापरीक्षण प्रतिवेदनको सार्वजनिकीकरण तथा बेरुजु फर्स्यौटको कानुनी व्यवस्था एवं संयन्त्र तय गरिनुपर्दछ । लेखा समितिको कार्यसञ्चालन सम्बन्धी कानुन तर्जुमा गरी सो समितिलाई प्रभावकारी बनाई बेरुजु फर्स्यौट कार्यलाई व्यवस्थित बनाउनुपर्दछ।
- सरकारी पेश्की बाँकी रहेकालाई सार्वजनिक पदमा नियुक्ति नगर्ने तथा निर्वाचित हुने पदको हकमा उम्मेदवार हुन वञ्चित गर्ने एवं म्याद नाघेको पेश्कीको विवरण सार्वजनिक निकायले आर्थिक वर्ष समाप्त भएको ७ दिनभित्र सार्वजनिकीकरण गर्ने कानुनी व्यवस्था हुनुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा असुल गर्नुपर्ने बेरुजु कायम रहेकोमा सो फर्स्यौट नगरुञ्जेल वृत्ति विकासमा रोक्का गर्ने तथा नयाँ नियुक्ति नहुने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा बेरुजु कायम भएमा सो व्यक्तिलाई उक्त बेरुजुबारे समयमै जानकारी गराउनुपर्ने र जानकारी नगराउने कर्मचारी उपर विभागीय कारबाही गर्ने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- जिन्सी सामग्री, यन्त्र उपकरण तथा औजारहरु आवश्यकता र औचित्यका आधारमा खरिद गरी उपयोगको सुनिश्चितता हुनुपर्दछ । मौज्दातमा रहेका यन्त्र, उपकरण र औजार मर्मत सम्भार गरी उपयोग हुन नसक्ने अवस्था एकीन गरेर मात्र खरिद गर्नुपर्दछ ।
- जुनसुकै तरिकाले प्राप्त गरेको जिन्सी एवं सार्वजनिक सम्पत्तिको अभिलेख अनिवार्य रूपमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स) मा अभिलेख राख्नुपर्दछ।
- सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ अनुसार कार्यालयको जनशक्तिले गर्न नसक्ने कामको लागि मात्र परामर्श सेवा खरिद गरी परामर्शदाता माथिको निर्भरता कम गर्नु पर्दछ । तयार गरिएका विस्तृत आयोजना प्रतिवेदन लगायतका प्रतिवेदनहरू क्रमिक रुपले कार्यान्वयन गर्नुपर्दछ।
- सरकारी डिजिटल सेवाहरूको गुणस्तर, पहुँच र विश्वसनीयता बढाउन सेवा स्तर सम्झौता तथा गोपनीयता सम्झौता अनिवार्य गर्नुपर्दछ। एकै प्रकारको कामको लागि निकायगतरूपमा अलग - अलग सूचना प्रविधि प्रणाली खरिद गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ।
- सेवा प्रवाहको प्रभावकारिता लागि नागरिक सचेतना वृद्धि कार्यक्रम गर्नुका साथै नागरिकबाट पृष्ठपोषण प्राप्त गर्ने विधि अवलम्बन गर्नुपर्दछ। समयको उपलव्धता एवं सेवा खरिद गर्ने सामर्थ्य सहितको सेवा प्रवाह तय गरिनुपर्दछ ।
- सेवाग्राही समेतको योगदानमा आधारित रही विभिन्न कोषको स्थापना भएकोमा यस्ता कोषको रकम खर्च गर्दा सेवाग्राहीको हित संरक्षण भएको सुनिश्चितता हुनुपर्दछ ।
- संघ र प्रदेशबाट प्राप्त अनुदानमध्ये खर्च नभई वर्षान्तमा बाँकी रहेको मौज्दात आर्थिक वर्ष समाप्तिपश्चात् समेत फिर्ता हुँदा खर्चमा यथार्थता नदेखिएकोले सोमा सुधार गर्नुपर्दछ ।

- स्थानीय तहहरूमा रहेका भारी यन्त्र उपकरणहरू निःशुल्करूपमा समेत प्रयोग गरेको कारण ती उपकरणबाट प्राप्त आम्दानी भन्दा सञ्चालन खर्च बढी रहेको देखिन्छ। अतः यस्ता उपकरण प्रयोगको शुल्क तोकी प्रयोग गरेको लगबुकको आधारमा शुल्क असुल गर्ने व्यवस्था गर्नुपर्दछ।
- कतिपय कार्यसम्पन्न भइसकेका शीतभण्डारहरू प्राविधिकरुपले अधुरा भई सञ्चालन तथा उपयोग नभएको र निर्माणाधीन तथा निर्माण भइसकेका शीत भण्डारहरू गुणस्तरीय नदेखिएकोले यसमा सुधार गरी सञ्चालन गर्नुपर्दछ। स्थानीय आवश्यकता विश्लेषण गरी दिगो सञ्चालनको सुनिश्चितता गरेर मात्र शीतभण्डारहरू निर्माण गर्नुपर्दछ।
- आन्तरिक लेखापरीक्षण नुहने, भएकोमा प्रतिवेदन नदिने, प्रतिवेदनमा उल्लिखित बेहोरा कार्यान्वियन नहुने, आन्तरिक लेखापरीक्षकलाई फरक जिम्मेवारीमा खटाउने गरेकोले आन्तरिक लेखापरीक्षण प्रभावकारी देखिँदैन। आन्तरिक लेखापरीक्षणलाई प्रभावकारी बनाउनुपर्दछ।
- पालिकामा निर्माणाधीन आधारभूत अस्पताल र कार्यालय भवन समयमै निर्माण सम्पन्न गर्नुपर्दछ । पालिकामा सञ्चालित आधारभूत अस्पतालको कारोबारको लेखाङ्कन तथा प्रतिवेदन सुत्र प्रणाली बमोजिम गरी पालिकाको वित्तीय विवरणमा खुलासा गर्नुपर्दछ।